मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily








● वर्ष १ ● अंक २८० ● २०८० साल भदौ ०३ गते आइतबार ● Sunday 20, August 2023 ● सूर्योदय: बिहान ५:३९ बजे ● सूर्यास्त: साँझ ६:४८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## 'जनयुद्ध सकिएको छैन, आवश्यक परे फेरि सुरु हुन्छ'



मधेशदृष्टि
जनकपुर ।

नेकपा (माओवादी केन्द्र) का सचिव लीलामणि पोखरेलले माओवादीको जनयुद्ध समाप्त भइनसकेको भन्दै आवश्यक परे फेरी सुरु हुने बताएका छन् ।

'माओवादीले जनताको लागि सुरु गरेको जनयुद्ध अहिले नै अन्त्य भएको नबुझ्न आग्रह गर्छु' शहीद रामवृक्ष यादवको २९ औं स्मृतिसभालाई शनिबार धनुषाको बरमझिया गाउँमा सम्बोधन गर्दै पोखरेलले भने । उनले माओवादीले अहिलेका लागि जनयुद्ध स्थगित मात्रै गरेको र आवश्यक परे फेरी जनताका लागि जनयुद्ध सुरु गर्ने प्रष्ट्याए ।

माओवादी केन्द्रका लागि मधेश प्रदेश ईन्चार्ज समेत रहेका सचिव पोखरेलले रामवृक्ष यादवले दशकौँ अगाडी देखेका सपना अहिले आएर विस्तारै पुरा भइरहेको बताए । माओवादी अहिले पनि समाजवादको पक्षमा अडिग भएर उभिएको उनको भनाई थियो । नेपाली कांग्रेस र नेकपा एमाले लगायतका राजनीतिक दलले अझै पनि माओवादी प्रति जालझेल गरिरहेको उनले आरोप लगाए ।

श्रद्धाञ्जली सभाकै सम्बोधन क्रममा नेता पोखरेलले वर्तमान निर्वाचन प्रणाली बदलिनुपर्ने बताएका छन् । उनले अहिलेको निर्वाचन प्रणाली पुँजीपति वर्गका लागि मात्रै रहेको बताए । शहीद रामवृक्ष यादवको २९ औँ स्मृतिसभालाई धनुषाको बरमझियामा सम्बोधन गर्दै पोखरेलले अहिलेको निर्वाचन प्रणाली अत्यन्तै खर्चिलो भएकोले यो प्रणाली गरिब निमुखाको लागि नरहेको बताए ।

उनले आफ्नो पार्टी अहिले पनि यो निर्वाचन प्रणाली फेर्न संघर्ष गरिरहेको रहेको बताए । माओवादीको मूल एजेण्डा अहिले पनि जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा रहेको बताए ।



जनयुद्ध सुरु हुनु अगावै तयारीकै क्रममा वि.सं. २०५१ भदौ २ गते रामवृक्ष यादवको हत्या भएको थियो । २००३ सालमा धनुषाको बरमझियामा जन्मेका उक्त क्षेत्रमा यादव 'मास्टरसाब' को नामले चर्चित थिए । अहिले पनि मास्टरसाब भनेर सम्बोधन गरिने रामवृक्ष पत्नी रामकुमारी यादव प्रथम संविधानसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचित भएकी थिइन् । पदमा बहाल रहेकै अवस्थामा उनको काठमाडौंस्थित निवासमा ग्याससिलिण्डर विष्फोटमा परी मृत्यु भएको थियो ।

रामवृक्ष यादवको हत्यापछि उनका एकमात्र छोरा शेखर र ज्वाइँ डम्बरनारायण यादवलाई पनि नेपाली सेनाले गोली हानेर मारेको थियो । रामकुमारीको निधनपछि उनकी जेठी छोरी बोधमाया यादव २०७४ सालको प्रतिनिधिसभामा समानुपातिक कोटाबाट सांसद र शिक्षा राज्य मन्त्री भएकी थिइन् । कान्छी छोरी सुनिता यादव मधेश प्रदेश सरकारमा वर्तमान उद्योग, पर्यटन तथा वाणिज्य आपुर्ती मन्त्री छिन् ।

श्रद्धाञ्जली सभामा माओवादी केन्द्रिय सदस्य एवं धनुषा ईन्चार्ज श्रवण बरबरीया, पोलिटब्यूरो सदस्य एवं पूर्वमन्त्री बोधमाया यादव, मधेश प्रदेशकी मन्त्री सुनिता यादव, जिल्ला अध्यक्ष दिपक यादव, रामवृक्ष यादवका समकालीन नेता शोभित यादव, दलित मुक्ति मोर्चाका प्रदेश सचिव बिनोद महरा लगायत सहभागी थिए ।

## वीरगंजका माओवादीले सम्झे 'धनुषाका रामवृक्ष'

**मधेशदृष्टि**
**वीरगंज ।**

नेकपा माओवादी केन्द्रले सहिद रामवृक्ष यादवको स्मृतिमा श्रद्धाञ्जलीसभाको आयोजना गरेको छ । कम्युनिष्ट आन्दोलनमा मधेसबाट सक्रिय रुपमा लाग्नु भएका स्वर्गीय यादवको सम्झनामा शनिबार नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति पर्साले श्रद्धाञ्जली सभाको आयोजना गरेको हो ।

मधेस प्रदेशको धनुषा जिल्लाको बरमझियामा जन्मिएका यादव माओवादी जनयुद्धको सुरुवातमै मारिएका थिए । पार्टीमा उनले गरेको योगदानको कदर र सम्मान गर्दै रोधमाई स्थित पार्टी कार्यालयमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो ।

श्रद्धाञ्जलीसभामा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज विजय महतो केन्द्रीय सदस्य रामबाबु बैठा, छोटेलाल यादव, संविधानसभा सदस्य शेष चाँदतारा, प्रदेशसभा सदस्य पस्मिना कादरी, अखिल क्रान्तिकारीका केन्द्रीय सचिव प्रभाकर गुप्ता, मगर राष्ट्रिय मुक्ति मोर्चाका कार्यबाहक अध्यक्ष कमल बहादुर पिठाकोटे मगर, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य निरज पिठाकोटे मगर, प्रदेश सचिव मुनेश लायो मगर लगायतका नेताहरुले सहिद रामवृक्ष यादवप्रति श्रद्धान्जली अर्पण गरे ।

कार्यक्रममा पार्टीका विभिन्न तहका नेता तथा जनवर्गीय संगठनका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण वाइसिएल पर्साका संयोजक दिपेन्द्रसिंह पटेलले गरेका थिए ।

## सशस्त्र प्रहरीका एसपी थपलियाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज**

वीरगञ्जस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण पर्साका प्रमुख प्रहरी उपरीक्षक सुमन थपलियाको शनिबार हृदयघात भएर मृत्यु भएको छ । शनिबार बिहान करिब ११ बजे गणमै थपलियालाई हृदयघात भएपछि उपचारकालागि वीरगंजस्थित नेपाल मेडीसिटी वयोधा अस्पतालमा पु¥याउँदा बाटोमै मृत्यु भएको पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जानकारी दिए । ४४ वर्षीय थपलियालाई अस्पतालका चिकित्सकले ११ बजेर ५ मिनेटमो मृत घोषणा गरेका थिए ।



प्रमुख जिल्ला अधिकारी रेग्मीका अनुसार बिहान साईकिलिङ गरी फर्किएर आराम गरिरहेको अवस्थामा गण परिसरमै अचानक अचेत भएर लडेको र लगत्तै उपचारका लागि मेडीसिटी वयोधा अस्पताल पुर्याइएको थियो । नुवाकोट घर भएका एसपी थपलिया सात महिना अघि मात्रै पर्साको सशस्त्र प्रहरी बल नम्बर १३ गणको गणपतिको जिम्मेवारी सम्हालेका थिए । उनको मृत्युले सशस्त्र प्रहरी गणमा शोक छाएको छ ।

थपलियाको निधन प्रति गृहनगर वीरगंजमा रहेका उद्योग बाणिज्य तथा आपुर्ती मन्त्री रमेश रिजाल, पूर्व मन्त्री एवम् पर्सा निर्वाचन क्षेत्र नम्बर १ का सांसद प्रदीप यादव र वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले छुट्टाछुट्टै विज्ञप्ती निकालेर समवेदना प्रकट गरेका छन् ।

## नेपाल सद्भावना पार्टी पुनःगठन

**मधेशदृष्टि**
**जनकपुर ।**

नेपाल सद्भावना पार्टीका संस्थापक गजेन्द्रनारायण सिंहको कर्मभूमि राजविराजमा आज नेपाल सद्भावना पार्टी केन्द्रीय समिति गठन भएको छ । राजविराजमा सम्पन्न भेलाले दशरथ यादवको अध्यक्षतामा २८ सदस्यीय केन्द्रीय कार्य समिति गठन गरेको सो पार्टीले जनाएको छ । गठित समितिको वरिष्ठ उपाध्यक्षहरुमा बालकेश्वर ठाकुर, उपाध्यक्षहरुमा रामपृत यादव, मिश्रीलाल मण्डल, महिला उपाध्यक्षमा भेडिहर चन्द्रिका, महासचिवमा दिनेश्वर झा, सहमहासचिवमा रामनरेश प्रसाद कोइरी, सहमहासचिवमा रविन्द्रकुमार चौधरी, सहमहासचिवमा मुरारीलाल कर्ण, सचिवमा रामकुमारी महतो, प्रवक्तामा नरेश यादव र कोषाध्यक्षमा सुनितादेवी महतोलाई चयन गरिएको अध्यक्ष यादवले बताए ।



यसैगरी सङ्घीय सदस्यहरुमा सहजाद मियाँ, सत्यनारायणप्रसाद रौनियार, अनिता ठाकुर, जीवछप्रसाद यादव, वृजेस पाण्डे, सुनिल यादव, रणधिर कर्णा, सुवि यादव, रामदहिन यादव, नन्दिनी झा, ललितादेवी महतो, रामनारायण यादव, अरुणलाल दास, लक्षणादेव यादव र वीरेन्द्रकुमार महतो रहेका छन् । नेसपाका अध्यक्ष रामकुमार महतो, महासचिव राजेन्द्र चौधरीलगायतले साउन १४ गते नागरिक उन्मुक्ति पार्टीसँग एकीकरण गरेको घोषणा गरेका थिए । सो घोषणामा असहमति राख्दै आएका पार्टी पदाधिकारीको बैठकले गरेको निर्णय आज जारी प्रेस विज्ञप्तिमा छ ।

नागरिक उन्मुक्ति पार्टी प्रवेश गरेका पार्टी पदाधिकारीलाई पार्टीबाट निष्काशन गरिएको नेपाल सद्भावना पार्टीले सो प्रेस विज्ञप्तिमा जनाएको छ ।






# प्रदेश गौरवको योजना नै अलपत्र

## सात जिल्लामा आठवटा कोल्डस्टोर बनाउने भनियो, एउटै बनेन

**सुरेश यादव**
**जनकपुर ।**

प्रदेश सरकार गठन भएलगत्तै लालबाबु राउत नेतृत्वको मधेश सरकारले प्रदेश गौरवको योजना भनेर सात जिल्लामा आठ वटा कोल्डस्टोर (शीतभण्डार) निर्माण गर्ने कार्यक्रम ल्याइएको थियो । आर्थिक वर्ष २०७४÷०७५ सालमै सुरु गरिएको यो कार्यक्रम पाँच वर्ष बितिसक्दा एउटा पनि शीतभण्डार निर्माण हुन सकेको छैन ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत राखिएको यस कार्यक्रम अन्तर्गत महोत्तरीबाहेक सबै जिल्लामा एक–एक तथा पर्सामा दुईवटा शीतभण्डार निर्माण गर्न नीति तथा कार्यक्रम ल्याइएको थियो । लगत्तै बजेट पनि विनियोजन गरियो । शीतभण्डार निर्माण कार्यका लागि स्थानीय कृषि समूह तथा सहकारीलाई आह्वान गरिएको थियो । छनौटमा पर्ने समूह, सहकारीले २० प्रतिशत र प्रदेश सरकारको तर्फबाट ८० प्रतिशत अनुदान दिने भनिएको छ । सम्झौता अनुसार धनुषामा समयमै काम सुरु गरिएको थियो भने अन्य जिल्लाहरुमा पनि केही दिन अगाडी पछाडी सुरु भएको थियो । तर, अहिलेसम्म कुनै जिल्लाको काम पुरा हुन नसकेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले जानकारी दिए । 'लालबाबुजी मुख्यमन्त्री रहेको बेला ल्याइएको प्रदेश गौरवको योजना तत्काल कार्यान्वयन सुरु गरेपनि आवश्यक ऐन, कानुनको अभावमा सम्पन्न हुन नसकेको हो' मन्त्री न्यौपानेको भनाइ हो ।



अहिलेसम्म धनुषामा निर्माणाधिन शीतभण्डारको नाउँमा प्रदेश सरकारले ८६ लाख रुपैयाँ भुक्तान गरिसकेको छ । कामको प्रगति विवरणवारे मन्त्रालय नै अनभिज्ञ छ । 'जुन मन्त्रालयले काम गर्न बजेट दियो त्यहीँ मन्त्रालयलाई कति काम भयो भन्ने जानकारी छैन भनेर हुन्छ ?' मधेशदृष्टिको जिज्ञासामा मन्त्री न्यौपाने भन्छन्, 'अघिल्लो सरकारले के कति आधारमा रकम निकासा गर्यो, अघिल्ला मन्त्रीजीलाई नै थाहा होला । मैले त कानुन खोज्ने हो । कानुन बिना काम गर्ने र बीचमै अलपत्र पार्ने कर्तुत मैले गर्न सक्दिन ।'

धनुषा कृषक समूहले काम पाएको धनुषामा शीतभण्डार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउने काम सकिए लगत्तै मन्त्रालयले सम्झौता गरी निर्माण कार्य अगाडी बढाउन आदेश दिएको थियो । सम्झौता अनुसारै रनिङबिलको भुक्तानी माग गर्दा मन्त्रालयले आलटाल गर्न थालेपछि बारम्बार ताकेदा गरेको बताउँदै समूहका अध्यक्ष घनश्याम यादवले भने, 'हाम्रो ताकेदा नसुनेपछि अदालत गयौँ । अदालतको आदेश पनि बेवास्ता गर्न थालेपछि मन्त्रालय घेराउ गरी धर्ना बस्यौँ । त्यतिले पनि नसुनेपछि मन्त्रालयमै तालाबन्दी गर्नुपरेको थियो ।'

मन्त्रालयमा तालाबन्दी गरेपछि पनि ८६ लाख रुपैयाँ मात्रै भुक्तानी भएको बताउने यादवले करिब साढे तीन करोड रुपैयाँ बराबरको काम सम्पन्न गरिसकेको बताए । सरकारले हावातालमा ल्याएको योजना अधुरावस्थामै अलपत्र पर्दा किसान मारमा परेको उनले दुखेसो पोखे । उनका अनुसार धनुषामा एक विघा जग्गा लिजमा लिएर निर्माण सुरु गरेको शीतभण्डारको लागत १६ करोड अनुमान गरिएको छ । मन्त्री न्यौपानेले मन्त्रालयबाट जारी हुने सबै प्रकारका अनुदान सम्बन्धी ऐन ल्याएर मात्रै अघि बढ्ने तयारीमा रहेको बताए । '१० वर्षे कृषि गुरु योजना निर्माणको चरणमा छौँ । विज्ञ समूहले यसका लागि दिनदिनै अध्ययन र बैठक गरी कामलाई अगाडी बढाइरहेका छन्' मन्त्री न्यौपानेले भने, 'केही दिनभित्रै गुरु योजना पारित गरेपछि अहिले अधुरा रहेका तथा नयाँ दिगो कार्यक्रमहरु पनि ल्याउनेगरी आन्तरिक रुपमा काम गरिरहेका छौँ ।'

# समाजवादी मोर्चाको बैठक आइतबार



**रासस**
**काठमाडौँ ।**
समाजवादी मोर्चाको बैठक यही भदौ ३ गते नेकपा (एकीकृत समाजवादी पार्टी)को केन्द्रीय कार्यालयमा बस्ने भएको छ । आइतबार साँझ बस्ने बैठकमा मोर्चा आबद्ध चार दलका शीर्षनेताले सरकारका गतिविधि, समसामयिक राजनीतिक घटनाक्रमलगायत विषयमा छलफल गर्ने नेकपा (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुसालले जानकारी दिनुभयो ।मोर्चामा नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी) र विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी आबद्ध छन् । मोर्चा गठन भएको करिब तीन महिनापछि बस्न लागेको यो दोस्रो बैठक हो । मोर्चाको नेतृत्व अहिले नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले गर्नुभएको छ ।यसैबीच एकीकृत समाजवादीको आज बसेको सचिवालय बैठकमा आसन्न पोलिट्ब्यूरो बैठकका साथै केन्द्रीय कमिटी बैठकका तयारी तथा एजेण्डा, समाजवादी मोर्चालाई थप सशक्त बनाउने विषयमा छलफल भएको छ ।पार्टीले यही भदौ ३ र ४ गते पोलिटब्यूरो बैठक तथा यही भदौ ५ गतेदेखि ७ गतेसम्म केन्द्रीय कमिटी बैठक बोलाएको छ । पार्टीको केन्द्रीय कमिटीको बैठकले महाधिवेशनको मिति र स्थान तोक्ने पार्टीले जनाएको छ ।

# भ्रष्टाचारमा मुछिएकाहरूको भारी बोकिन्नः महामन्त्री



**रासस**
**इलाम ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले भ्रष्टाचारमा मुछिएका व्यक्तिहरूको भारी आफ्नो पार्टीले बोकेर नहिँड्ने बताएका छन् । ललिता निवास प्रकरणमा संलग्न भनिएकाहरूको फाइल नखोल्ने भनेर बाहिर आएको समाचारप्रति महामन्त्री थापाले गठबन्धनमा रहेर यस्तो निर्णय गर्न नहुने बताए । उनले भने, 'अपराध गर्ने मान्छे पर्छ, यसमा कसैले टाउको दुखाउनु हुँदैन ।' नेपाललाई भ्रष्टाचारमुक्त देश बनाउन पहल सबै मिलेर गर्नुपर्नेमा जोड दिँदै उनले कांग्रेसको बैठक सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारण भएजस्तो अब गठबन्धनको बैठक पनि प्रत्यक्ष जनतामाझ पुर्याउन आँट गर्नुपर्ने बताए । भ्रष्टाचारमा जोडिएका जो–कोहीलाई छाड्न र उन्मुक्ति दिन नहुने उनको भनाइ छ । महामन्त्री थापाले जोसुकैसँग जोडिएका विषय पारदर्शी हुनुपर्ने औँल्याए । अब पार्टीको मात्र नभएर गठबन्धन वा जुनसुकै राष्ट्रिय सवालमा भएका निर्णयसमेत पारदर्शी बनाउनुपर्नेमा उनले जोड दिए । नेपाली कांग्रेस इलाम नगर कार्यसमितिको दोस्रो नगर सम्मेलन उद्घाटनका क्रममा महामन्त्री थापाले जनता र युवा पिँढीमा रहेको नैराश्यता अन्त्य गर्न कांग्रेसले पहल गर्नुपर्नेमा जोड दिए । इमान्दार भएर काम गरेमा परिवर्तन सम्भव हुने उनको भनाइ छ ।




## थोरै ध्यान दिउँ, आँखा जोगाउँ

विगत केही दिन यता आँखा पाक्ने रोग फैलिँदै गइरहेकाले आँखा पाक्ने रोग नियन्त्रण एवम् रोकथामको लागि सावधानी अपनाऔँ ।

**आँखा पाक्ने रोगका लक्षणहरुः**

१. एक्कासी एउटा वा दुईवटै आँखा रातो हुने, आँखामा चिप्रा लाग्ने वा टालिने ।
२. आँखा धेरै चिलाउने, आँखा धमिलो देखिने ।
३. आँखाबाट आँसु बगिरहने, आँखा सुनिने, दुख्ने, बिझाउने ।
४. घाम तथा उज्यालो प्रकाशमा हेर्न गाह्रो हुने ।
५. आँखाको सेतो भाग रातो र रगत चुहिएला जस्तो देखिने ।



**बच्ने उपायहरुः**

१. जथाभावी आँखा नछुने, आँखा छुनै पर्ने भएमा पहिले राम्ररी साबुन पानीले हात धोएर मात्र छुने, पोसिलो खाने कुरा खाने ।
२. दैनिक सफा पानीले आँखा सफा गर्ने, आँखा पाकेमा रोगीसँग दूरी कायम गर्ने ।
३. आँखा पाक्ने रोगीले प्रयोग गरेका रुमाल, तौलियालगायत अन्य सामग्रीको प्रयोग नगर्ने ।
४. सेनिटाइजर नियमित प्रयोग गर्ने, सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागेमा के गर्नेः**

१. पटकपटक सफा र चिसो पानीले आँखा सफा गर्ने ।
२. आँखा छोइसकेपछि हरेक पटक साबुन पानी वा सेनिटाइजरले हात सफा गर्ने ।
३. आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
४. कालो चस्मा प्रयोग गर्ने, अन्य निरोगी व्यक्तिसँग टाढा रहने ।
५. आफूले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
६. आफूखुसी आँखामा औषधी प्रयोग नगर्ने, औषधीको प्रयोग गर्नु पर्ने भएमा आँखासम्बन्धी चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह सुझावअनुसार प्रयोग गर्ने ।

मधेशदृष्टि TV BIRGUNJ RADIO Birgunj 99 fm. 95.5 FM

जनहितमा जारी सन्देश


# महानगरको न्यायिक समितिद्वारा एक वर्षमा ४६ मुद्दा फछ्र्यौट




**रासस**
**वीरगंज ।**
मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगन्ज महानगरपालिकामा गठन भएको न्यायिक समितिले एक वर्षमा ४६ वटा मुद्दाको किनारा लगाएको छ ।
महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा गठित समितिले आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षबाट सरेर आएको ४५ वटा र आव २०७९/८० मा दर्ता भएको मध्ये एउटा गरी कुल ४६ वटा मुद्दा फछ्र्यौट गरेको हो । न्यायिक समितिमा हालसम्म पुरानो र नयाँ गरी ७५ वटा मुद्दा अझै फछ्र्यौट गर्न बाँकी रहेको वीरगंज महानगरपालिकाको न्यायिक समितिका उजुरी प्रशासक अधिवक्ता धनबहादुर थापाले जानकारी दिए । वीरगंज महानगरपालिकामा आव २०७४/७५ देखि नै न्यायिक समिति गठन भएर कार्य गर्दै आएको छ । महागरको न्यायिक समितिमा आव २०७४/७५ देखि हालसम्म तीन सय ३१ वटा उजुरी दर्ता भएका छन् । दर्ता भएकामध्ये दुई सय ५१ वटा उजुरीको छिनोफानो भइरहेको न्यायिक समितिले जनाएको छ । बाँकी ७५ वटा मुद्दामा समेत न्यायिक समितिमा छलफल भइरहेको अधिवक्ता थापाले बताए ।न्यायिक समितिमा आउने उजुरीमध्ये करिब ८० प्रतिशत उजुरी जग्गा विवादसम्बन्धी नै रहेको उनको भनाइ छ । न्यायिक समितिमा धेरैजसो उजुरी जग्गा विवाद, घर निर्माण खिचौला, लेनदेन, बालीनाली नोक्सानी, घरभाडा सम्बन्धमा आउने गरेको अधिवक्ता थापाको भनाइ छ ।
स्थानीय तहका विवाद स्थानीय तहमै मेलमिलापका माध्यमबाट समाधान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको छ । उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समितिलाई सम्बन्धबिच्छेद, जग्गा विवाद, घरभाडासम्बन्धी, गाईभैँसीले बालीनाली नोक्सानी गरेकोलगायतका विवाद मेलमिलापमार्फत समाधान गर्ने जिम्मेवारी दिइएको छ । महानगरपालिकाको न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रका मुद्दा मामिलालाई मेलमिलापको सिद्धान्तमा निर्णय गर्दा प्रभावकारी बनेको स्थानीयले बताएका छन् । न्यायिक समितिमा आउने उजुरीलाई स्थानीय जनप्रतिनिधिकै सक्रियतामा सम्बन्धित पक्षबीच मेलमिलाप गराउने काम न्यायिक समितिले गरिरहेको अधिवक्ता थापाले बताए ।
'अहिले हाम्रो न्यायिक समितिमा धेरै प्रकारका उजुरी आउने गरेको छ', वीरगंज महानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक इम्तियाज आलमले भने, 'तीमध्ये हामीलाई कानुनले तोकिदिएको सूचीका आधारमा उजुरी लिने गरेका छौँ ।'
दर्ता भएका उजुरीको अध्ययन गरी सम्बन्धित पक्षबीच मेलमिलाप गराई निर्णय गर्ने गरेको उनको कथन छ । स्थानीय सरकारको ऐनमा भएका यस्ता मुद्दा जनप्रतिनिधिले हेर्दा उचित हुन्छ भनेर पालिकामा न्यायिक समितिको व्यवस्था गरिएको अधिवक्ता प्रमोद चौधरीले बताए ।

# एक महिनामा एक सय आठमा डेङ्गु




**रासस**
**चितवन ।**
जिल्लामा डेङ्गुको सङ्क्रमण बढ्दै गएको छ । स्वास्थ्य कार्यालयका अनुसार गत साउन १ देखि यही भदौ १ गते दिउँसो सम्ममा एक सय आठ जनामा डेङ्गुको सङ्क्रमण देखिएको हो । एक हजार एक सय ६४ जनाको परीक्षण गरिएकामा सो सङ्ख्यामा डेङ्गुको सङ्क्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार जिल्लाका विभिन्न अस्पतालमा आएका बिरामीमध्ये सो संख्यामा सङ्क्रमित भेटिएका हुन् । सङ्क्रमितमध्ये एक जनाको उपचारका क्रममा मृत्यु भएको छ । सङ्क्रमितहरुमा चितवनका ६०, बाहिरी जिल्लाका ३७ र ठेगाना नखुलेका ११ जना रहेका छन् । गत आर्थिक वर्षमा जिल्लामा डेङ्गुका कारण चार जनाको मृत्यु भएको थियो । जिल्लामा भेटिएका दुई हजार तीन सय छ सङ्क्रमितमध्ये उनीहरुको मृत्यु भएको हो । कार्यालयका सूचना अधिकारी केसीका अनुसार गत आवमा जिल्लाका विभिन्न अस्पतालमा उपचारमा आएका बिरामीमध्ये १४ हजार सात सय २८ जनाको परीक्षण गरिएकामा तीन हजार तीन सय २४ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । चितवन बाहिरका छ सय ९५ र ठेगाना नखुलेका तीन सय २३ मा डेङ्गुको सङ्क्रमण देखिएको थियो । डेङ्गु एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल सङ्क्रमण हो । यो रोगको सङ्क्रमण देखिएका बिरामीमा टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन् । यस्तै शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने वा शरीरमा रगत जमेका दाग देखापर्ने, बेहोस हुने आदि लक्षण पनि देखापर्ने केसीले जानकारी दिए ।
यो रोगबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेबाट बच्नु नै भएको उनले बताए । लामखुट्टे पानीमा बस्ने भएकाले घरको वरपर वा पानी जम्ने ठाउँ जस्तैः गमला, फूलदानी, खाली बट्टा, अलकत्रा वा मट्टीतेलका खाली ड्रम, गाडीका काम नलाग्ने टायर आदिमा पानी जम्न नदिनु, बाहिर वा लामखुट्टेले टोक्ने ठाउँमा निस्कँदा शरीर ढाकिने लुगा लगाउनुपर्ने र सुत्दा अनिवार्य झूलको प्रयोग गर्नुपर्छ । साना केटाकेटीलाई जुनसुकै समयमा पनि झूलभित्र सुताउनुपर्ने उनको सुझाव छ ।

# 'राज्यका जिम्मेवार संयन्त्रले काम गरिरहेकाले उच्चस्तरीय समिति आवश्यक छैन'



**रासस**
**कास्की ।**
उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुन काण्डको अनुसन्धानलाई अन्तिम निष्कर्षमा पु¥याएर यसको नेटवर्कको पहिचान गरी दोषीमाथि कारबाही गरिने बताएका छन् ।
राज्यको व्यावसायिक, पेसागत रुपमा दक्ष र जिम्मेवार संरचना र संयन्त्रहरुले काम गरिरहेकाले सुन काण्डको अनुसन्धानका लागि अर्को उच्चस्तरीय समिति बनाउन आवश्यक नरहेको उनले उल्लेख गरे । प्रेस सेन्टर नेपालले शनिबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजना गरेको पत्रकार भेटघाटमा गृहमन्त्री श्रेष्ठले सुन काण्डको सिआइवीले अनुसन्धानको प्रक्रिया अघि बढाउँदा दोषीहरु पत्ता लाग्ने र उनीहरुलाई कानुनको दायरामा ल्याउन सकिने स्पष्ट पारे ।
उनले भने, 'यससघि यस्तै काण्डमा संसद्बाट समिति बनाइएयो, समितिको रिपोर्ट आयो, सिद्धियो, अर्को एकपटक केपी ओली प्रधानमन्त्री भएका बेला ३३ किलो सुन काण्डका लागि छानबिन समिति बनाइयो, समितिको रिपोर्ट आयो अन्य केही पनि आएन, न सुन आयो, न सिफारिस कार्यान्वयन भयो, त्यसैले हामीले अनुसन्धानका लागि विकसित गरेका हाम्रा दक्ष संरचनाले अनुसन्धान र अभियोजनको दुवै प्रक्रिया अघि बढाउँछ, त्यसैलाई नै जिम्मेवारी दिनु उपयुक्त हुन्छ ।'
उपप्रधानमन्त्री श्रेष्ठले सुशासन र भ्रष्टाचार विरुद्धको अभियान अघि बढाउने प्रक्रियाले निरन्तरता पाइरहेका बेलामा प्रमुख प्रतिपक्षी दलबाट संसद् अवरोध हुनु दुःखद भएको उल्लेख गरे । उनले सरकारको अभियानमा सबै पक्षले साथ र सहयोग गर्नु आवश्यक रहेकामा जोड दिए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सम्पूर्ण सुरक्षा र व्यवस्थापनलाई समीक्षा गरेर नयाँ नीति तथा योजनाअनुसार अगाडि बढाइने उनले बताए । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान गठबन्धन सरकारलाई अझै व्यवस्थित गरेर निरन्तरता दिइने बताए ।
उनले भने, 'सरकारले चालेको कदम कुनै पनि हालतमा विश्राम हुँदैन, गठबन्धनको सरकारलाई पनि अझ व्यवस्थित ढङ्गले अगाडि बढाउने, निरन्रता दिने र सरकारले अहिले चालेको सुशासनको अभियान जुन समृद्धिका आधारका लागि गरिरहेका छौँ, त्यसलाई पनि निरन्तरा दिने गरी अघि बढेका छौँ ।' नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्षसमेत रहेका उनले पार्टीले तय गरेको रुपान्तरण अभियानको तयारीका लागि हाल देशभर पार्टीका बैठक सञ्चालन भइरहेका जानकारी दिए । उनी पार्टीको गण्डकी प्रदेशको सातौँ पूर्ण बैठकका लागि बिहान पोखरा गएका हुन् ।

# केही स्थानमा हल्का वर्षाको सम्भावना

**रासस**
**काठमाडौँ ।**
मनसुनको न्यून चापीय रेखा पश्चिमतिर सरदर स्थानभन्दा उत्तरतिर र पूर्वतर्फ सरदर स्थानभन्दा दक्षिणतिर रहेको छ । भारतको ओडिसा र आसपासमा रहेको न्यून चापिय क्षेत्रको समेत आंशिक प्रभाव रहेको छ । हाल मधेस प्रदेश लगायत पहाडी भू–भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी स्थानमा आंशिक बदली रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका अनुसार गण्डकी प्रदेशका थोरै स्थानहरुमा तथा बाँकी प्रदेशका एक–दुई स्थानमा हल्का वर्षा भइरहेको छ । आज दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रहनेछ । देशको पहाडी भूभागको केही स्थानमा र बाँकी भूभागको थोरै स्थानमा चट्याङस हित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।



अहिले काठमाडौँ उपत्यकामा पनि मौसम आंशिक बदली रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । काठमाडौँ उपत्यकामा दिउँसोपछि थोरै पानी पर्ने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले बताए । राति कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू–भागका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र आइतबार कोशी, बाग्मती र गण्डकी प्रदेशका एक/दुई ठाउँमा मेघगर्जन र चट्याङसहित ठूलो पानी पर्ने अनुमान गरिएको छ । यसैगरी पर्सी सोमबार देशका विभिन्न भागमा शनिबार र आइतबारको तुलनामा पानी पर्ने गतिविधि बढ्ने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले जानकारी दिए । उनका अनुसार विशेष गरी दिउँसोको समयमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको एक दुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी सम्भावना रहेको र रातिको समयमा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको एक दुई स्थानमा भारी वर्षा हुने सम्भावना छ ।

# सप्तकोशीमा दुईदर्जन बिरामीमा डेंगी रोग संक्रमण

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको सप्तकोशी नगरपालिकामा २२ जना बिरामीमा डेंगी रोग संक्रमण पुष्टि भएको छ ।
सप्तकोशी नगरपालिका स्वास्थ्य चौकी फत्तेपुरका प्रमुख राजकुमार दासले उपलब्ध गराएको सूचना तथा जानकारी अनुसार श्रावण ३२ गते बिहिवार सम्म ओ पि डि सेवा लिन आएका ज्वरो बिरामिहरुलाइ प्रयोगशाला परिक्षण गर्दा २२ जनामा डेंगी रोग संक्रमण पुष्टि भएको हो ।
स्वास्थ्य चौकिका प्रमुख दासका अनुसार संक्रमण हुनेमा सप्तकोशी नगरपालिका वडा नं.१ बाट ११ जना, वडा नं. २ बाट ५ जना, वडा नं. ३ बाट २ जना, र वडा नं. ४ बाट ४ जना गरि जम्मा २२ जना रहेका छन् । सप्तकोशी नगरपालिका स्वास्थ्य शाखाका प्रमुख महेश प्रसाद चौधरीले आफ्नो घर वरिपरि सफा राखी गमला, टायर, बाल्टी, खाल्डा खुल्डीमा पानी जम्न नदिने घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान,दिउँसो र राती जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने भनी सम्पुर्ण नगरवाशीमा अनुरोध गरेका छन् ।
नगर प्रमुख कृष्ण प्रसाद ढकालका अनुसार अहिले देश भरी डेंगी रोगको महामारीले नेपाली जनता त्रसित भएको अवस्थामा नगरपालिकाले आफ्नो नगरवासीको ज्यानको रक्षा अनुरुप डेंगी नियन्त्रण गर्ने अभियान साथै लामखुट्टे बाट डेंगी रोग लाग्ने भएकोले लामखुट्टे नियन्त्रण गर्न औषधि छर्किने काम अबको केही दिनमा सुरु गर्ने बताएका छन् ।

# अतिक्रमित संरचना भत्काइयो

**मधेशदृष्टि**
**राजविराज ।**
राजविराज नगरपालिकाले कंचनपुर रोड अन्तरगतको सडकमा अतिक्रमण गरि बनाइएको संरचनमाथि डोजर चलाएको छ । वडा नम्बर ३ र ८ मा पर्ने कंचनपुर रोडस्थित हुलाकी राजमार्गको दुबैतर्फ साढे सात मिटर जग्गा खाली गराउन नगरपालिकाले डोजर चलाएको हो ।
वडा कार्यालय ८ र ३ तथा राजविराज नगरपालिकाले ७ दिन अघि नै सूचना जारी गर्दै कंचनपुर रोडको दायाँ बायाँ भौतिक संरचना हटाउन समय सिमा शुक्रवार सकेपछि डोजर लगाएर सडक बिस्तार गरेको जनाएको छ । नगरपालिकाले बिहान देखि पुनः नापजाँच गरि डोजर लगाएर मूल सडकको दुबैतर्फ साढे सात मिटरमा बनाइएको भौतिक संरचना हटाएको राजबिराज नगरपालिका कार्यवाहक नगरप्रमुख इसरत परविनले जानकारी दिइन् । हुलाकी सडक निर्माण गर्नका लागि राजविराज नगरपालिकाको वडा ६ र ७, र ३ र ८ राजरंगशाला र कंचनपुर रोड भएर सिरहा रोड हुने गरि नक्सांकन भइसकेको छ ।

# पुल नबन्दा जोखिमपूर्ण यात्रा

सिरहाको औरही गाउँपालिका–५ स्थित गागन खोलामा पुल निर्माणको काम सुरु भएको तीन वर्षसम्म करिब ७० प्रतिशत मात्र काम भएको छ । 'तीन वर्षभित्र निर्माण कार्य सक्ने भनी विसं २०७६ मै सो पुलको सम्झौता भएको हो', 'तर पुल निर्माणको समयावधि सकिसक्दा तीन वर्षमा भौतिक प्रगति ७० प्रतिशत मात्र काम भएको छ ।'



**रासस**
**गोलबजार ।**
पूर्व–पश्चिम हुलाकी राजमार्गअन्तर्गत सिराहा र सप्तरी खण्डमा निर्माणाधीन पुलको निर्माण कार्य लामो समयदेखि अलपत्र पर्दा यात्रुहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

सो खण्डका अधिकांश भागमा कालोपत्रको काम सकिए पनि निर्माणाधीन आधा दर्जन पुलको निर्माण कार्य लामो समयसम्म सम्पन्न हुन नसक्दा यात्रु जोखिमपूर्णरुपमा यात्रा गर्न बाध्य भएका हुन् । निर्माण गर्ने ठेक्का पाएका कम्पनी/व्यवसायीको ढिलासुस्तीका कारण अधिकांश पुल समयमा निर्माण सम्पन्न नहुँदा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको स्थानीयले बताएका छन् । सिरहाको औरही गाउँपालिका–५ स्थित गागन खोलामा पुल निर्माणको काम सुरु भएको तीन वर्षसम्म करिब ७० प्रतिशत मात्र काम भएको छ । 'तीन वर्षभित्र निर्माण कार्य सक्ने भनी विसं २०७६ मै सो पुलको सम्झौता भएको हो', हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी इञ्जिनियर बेचनकुमार भण्डारीले भने, 'तर पुल निर्माणको समयावधि सकिसक्दा तीन वर्षमा भौतिक प्रगति ७० प्रतिशत मात्र काम भएको छ ।' सम्झौता अवधि सकिएकाले पुनःम्याद थपका लागि निर्माण कम्पनीले कार्यालयमा निवेदन दिएको उनले बताए ।

पूर्वमा बलान खोलादेखि पश्चिम सदरमुकाम सिरहा बजारसम्मको सडकमा कालोपत्र सकिएको छ । गागन खोलामा पुल निर्माण हुन नसक्दा सिरहाका एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । हिराचन रोशन कन्स्ट्रक्सन प्रालिमार्फत रोशन कन्स्ट्रक्सनले सो खोलाको पुल निर्माणको काम गर्दै आएको छ । हुलाकी सडक सिरहा खण्डको बलान नदीदेखि कमलासम्मको करिब २९ दशमलव ८८ किलोमिटरमा सडक कालोपत्र भइसके पनि गागन खोलामा समयमा पुल नबन्दा सडकमा सहजरुपमा यातायातका साधन सञ्चालन हुन नसकेको सूचना अधिकारी भण्डारीले बताए । गागन खोलाको पुल नबन्दा अहिले भगवानपुरबाट सिरहाका लागि जाने बसलगायतका ठूला सार्वजनिक यातायातका साधन लहान बजार हुँदै जानुपर्ने बाध्यता रहेको बसका चालक सुभास साहले बताए ।

'सडकमा कालोपत्र भइसक्यो, गाडी गुडाउन पनि त्यो बाटो सहज छ', चालक साहले भने, 'गागन खोलामा पुल बन्यो भने भगवानपुरबाट मुस्किलले आधा घण्टादेखि ४५ मिनेटमा सिरहा पुग्छौँ ।' गागन खोलाको पुल नबन्दा अहिले पूर्व–पश्चिम राजमार्गअन्तर्गत लहान बजार हुँदै डेढ÷दुई घण्टाको बाटो तय गरेर सिरहा पुग्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

यसैगरी सप्तरी खण्डमा निर्माण कम्पनीले पुल निर्माणको कार्य (फिनिसिङ) अन्तिम चरणमा अलपत्र अवस्थामा छाडेका छन् । कञ्चनपुरदेखि बलान नदीसम्म ३२ किमीमध्ये राजविराजदेखि पश्चिम बलान नदीसम्मको २५ किमी सडकमा कालोपत्र सकिएको करिब एक वर्षभन्दा बढी समय भइसक्दा पनि पुल निर्माणको जिम्मा पाएका कम्पनीले समयमा पुलको काम सम्पन्न नगर्दा सवारी साधन चलाउन सास्ती भइरहेको स्थानीयको गुनासो छ ।

'सप्तरी खण्डमा निर्माणाधीन पाँच पुलको निर्माण काम करिबकरिब अन्तिम चरणमा पुगेको छ', हुलाकी सडक निर्देशनालय आयोजना कार्यालय इटहरी सुनसरीका प्रमुख विजयकुमार थापाले भने, 'सबै पुल करिबकरिब तयार भइसकेका छन्, थोरै काम मात्र बाँकी छ ।' पुलको दुवैतिर सय÷सय मिटरको भागमा ग्राभेल बिछ्याइएर कालोपत्र गर्नुपर्नेमा त्यो हुन नसकेकाले वर्षा भएपछि सडक हिलाम्मे हुने गरेको प्रमुख थापाको भनाइ छ । पुलको दाँयाबायाँ दुवैतिर ग्राभेल माटो नहाल्दा हिउँदमा धुलाम्य र वर्षामा हिलाम्मे हुने गरेको छ । ठेकेदार कम्पनीको लापर्वाहीले सर्वसाधारण सास्ती खेप्न बाध्य भएका छन् । अहिले पश्चिम सप्तरीको भारतीय बजार लौकहासँग जोडिएको बेल्ही गाउँबाट दैनिक तीन वटा सार्वजनिक बस राजविराजका लागि चले पनि ठाउँठाउँमा पुल नजिक हिलाम्य सडकमा गाडी अडकिएर समस्या हुने गरेको बताइएको छ । मुतनी नदीको पुल अरनिको/लामा/बामती जेभी काठमाडौँले २०७२ असार २५ मा सम्झौता गरी २०७४ असार २४ मा निर्माण काम पूरा गर्नुपर्ने भए पनि २०८० सम्ममा पनि पुल निर्माण हुन सकेको छैन ।

अहिलेसम्म पुल निर्माण कार्यले पूर्णता नपाएकाले सदरमुकाम राजविराज पुग्न निकै सास्ती भइरहेको सप्तरीको बलान बिहुल गाउँपालिका–४ रामशङ्कर भण्डारीले बताए । समयमा पुल निर्माण नहुनुमा निर्माण कम्पनीसँगै हुलाकी सडक योजना कार्यालय इटहरीको उदासिनता पनि मुख्य कारण रहेको उनको भनाइ थियो । सडक कालोपत्र भए पनि पुलमा देखिएको समान्य समस्या अड्काएर ठेकेदार कम्पनीले लापर्वाही गरेको बोदे बर्साइन नगरपालिका–५ का बृजेशकुमार यादवले बताए । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरीका सवइञ्जिनियर अमोदकुमार भगतका अनुसार राजविराजदेखि पश्चिममा पर्ने मुतनी, पम्प केनाल, कजरा दहलगायत पुलको ठेक्का म्याद सकिसकेकाले निर्माण कम्पनीले पुनःम्याद थपका लागि कार्यालयमा निवेदन दिएको जानकारी दिए । कार्यालय र निर्माण कम्पनी प्रतिनिधिबीच भएको बैठकमा आउँदो दशैँभित्र पूर्णरुपले पुल तथा पुल नजिक सडक कालोपत्र गर्ने सहमति भएको हुलाकी सडक निर्देशनालय योजना कार्यालय इटहरीका सूचना अधिकारी प्रमोद खतिवडाले बताए । यसबाहेक हुलाकी सडकमा पर्ने सप्तरीको बोदे बर्साइन–३ कुसमहार चोक र वडा नं ६ का प्रितमपर कटहा नदीको पुलमा पनि कालोपत्र हुन सकेको छैन ।

# आफ्नै जग्गा बैंकमा धितो राख्नबाट बंचित मटिहानीबासी



**मधेशदृष्टि**
**जलेश्वर ।**
मटिहानी नगरपालिकाका सात दर्जन घरपरिबारलाई आफनै नाममा रहेको बिटौरीको जग्गा बैंकमा धितो राख्न नपाँउदा समस्यामा छन् ।
बुवा– बाजेको पालादेखि गुठी संस्थान कार्यालय जलेश्वरमा बुझाएको तिरो (कर) का आधारमा भोग चलन गर्दै आएको बिटौरी जग्गामा भोगचलन बाहेक समस्या पर्दा रिणका लागि बैंकमा धितो राख्न नपाँउदा मटिहानी नगरपालिका वडा नं ८ का ८४ घरपरिबार समस्यामा परेका हुन् । मटिहानी नगरपालिका ८ साविक मटिहानी गा.वि.स. ८ मा पर्ने किता नंम्बर १२५को २ विगहा ५ कठ्ठा जग्गामा ८४ घरपरिवार पक्की घर बनाई बस्दै आएको छ । सो जग्गा २०२५ फागुन ६ को फिल्ड बुकमा बजार उल्लेख भएको कित्तालाई नापी कार्यालय महोत्तरी जलेश्वर को ३ नं. नापी टोलीबाट २०५९ साल असार ७ मा पुन नापनक्सा गरी किता नंम्बर १२५ भित्रको जग्गामा हकभोग बमोजिमको अनुसार भएको सिट नं. १२५–००१८९–०३ को किता नं. १८, १९ र २० त्यस्तै सिट नं. १७५–००१८९–०८ को किता नं. १ देखि ५० सम्म गरी ७८ किता कायम गरि घरघडेरी घरवारी कायम गरिएको छ । उनीहरुले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर काम गरेको र अवैध रुपमा लालपुर्जा वितरण गर्ने र रकम संकलन गर्ने काम गरेकाले गुठी संस्थान कार्यालय महोतरीका प्रमुख किशोर कुमार झाले बताए । उनले जग्गा नाप जाँच ऐन २०१९ र जग्गा नाप जाँच कार्यविधि अनुसार सार्वजनिक जग्गा भएकोले दर्ता गर्न मिल्दैन बताए । पूर्वमा बजार एरिया, पश्चिममा गुठीको जग्गा, उत्तरमा मटिहानी गाउ जाने मूल बाटो र दक्षिणमा परिक्रमा सडक चारकिल्ला जग्गाभित्रको घर रहेको छ । सो जग्गाको साविकको फिल्डबुकमा जग्गाधनी महलमा कुनै पनि व्यक्ति वा संस्थाको नाम उल्लेख नभएकोले सोको प्रत्येक किताहरुको क्षेत्रफल, चौहदी प्रस्ट भएको देखिन्छ । तर जग्गा विचौलियाहरुले प्रति धुर २ देखि ५ हजार रुपैयाँका दरले असुल गरेका छन् ।
भूमाफियाले नापीका कर्मचारीलाई ८ लाख रुपैया र अन्य खर्चको नाममा ४ लाख रुपैया खर्च गरेको स्रोतको दाबी छ । सात सालदेखि सो जग्गा सर कारले बिक्री वितरण गर्न, लालपुर्जा नरहेको तथा भूमि व्यवस्था तथा मालपोत कार्यालयले रोक्का गर्न बन्द गरेपछि बैंकले धितो राख्न अस्वीकार गर्दै आएकाले आफूहरु समस्यामा परेको नगरवासीको भनाइ छ । जग्गा वापतबाट गुठी संस्थानबाट पाएको बिटौरी रसीदको आधारमा बसोवास र समस्या परेको बेला सोही बिटौरी रसीदमा उल्लेखित जग्गा बैंक र वित्तीय संस्थामा धितो राखी ऋण कर्जाका लागि वैकमा जाँदा पनि वैकले कर्जा लगायतका सेवा सुविधा नदिने गरेकाले उनीहरु समस्यामा परेका छन् । नापी विभाग २०७६ साउन २१ को पत्रानुसार नापी कार्यालयलाई मटिहानी गा.पा. ८ को किता नं. १२५ को २ विगहा ५ कठ्ठा जग्गाको नाप नक्सा गर्न ३ नम्बर नापी गोश्वारालाई निर्देशन दिएका थिए । २०२७ सालको नापीमा बजार क्षेत्र भनी उल्लेख भएका जग्गा किता दर्ता गर्ने सम्बन्धमा सचिव स्तर ीय २०७६ असार २९ मा निर्णय भएको थियो । विगत २०२७ सालदेखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि समस्या पर्दा बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने ऋण पाउन नसकि विचल्ली भएको मटिहानी नगर पालिका ८ का पवन कुमार साहले बताए ।
विटौरी जग्गाको वर्षौंदेखि कर लिने गरेको नापी मालपोत गुठी संस्थान कार्यालय र मटिहानी नगर पालिकाले लालपुर्जा र नक्सा पास उपलब्ध नगराउँदा बैंकले त्यस्तो जग्गा स्विकार नगर्ने गरेकाले व्यापार व्यवसाय पनि चौपट बन्दै गएको मटिहानी ८ का संजय पंजियारले गुनासो पोखे ।
बैंकले त्यस्तो जग्गा अस्विकार गर्दा समस्याका बेला चर्को मिटरब्याजमा ब्यक्तिहरुसित ऋण लिन बाध्य भएको उनले बताए । मटिहानी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चन्द्रशेखर शर्माले मटिहानी नगर पालिकाको कार्यपालिकाको २०७८ माघ ३को निर्णय अनुसार सो जग्गा स्ववासीमा दर्ता गरी जग्गाधनी प्रमाण पत्र प्राप्तिका लागि सिफारिस गरिएको बताए । सरकारले विटौरी जग्गाको कारोबारमा लामो समयदेखि रोक लगाएपछि सन्तानको उच्च शिक्षा र गम्भीर बिरामी पर्दा खर्च जुटाउनुका साथै ब्यापार व्यवसाय गर्नसमेत समस्या भएको पीडितले बताए ।
मालपोत कार्यालय महोतर ीका प्रमुख रमेश पौडेलले विगतमा विटौरी रसीदकै आधारमा जग्गा रोक्का र फुकुवा कार्य हुँदै आएकोमा सरकारले विटौरी जग्गाको खरिद बिक्रीमा रोक लगाएपछि समस्या भएको स्विकारे । उनले अब उक्त समस्याको समाधान माथिल्लो निकायबाट मात्र सम्भव भएको बताए । सरकारले नै विटौरी जग्गाको कित्ताकाट र खरिद बिक्रीमा रोक लगाएको उनको भनाइ छ । उनले उक्त जग्गाहरुको आफूहरुसँग तथ्याङ्क आइनपुगेकाले समस्या भएको र समाधानका लागि पहल थालिसकेको बताए । उनले उक्त जग्गाबारे आफ्नो कार्यालयमा तथ्याङ्क नरहेको जानकारी दिए । विगतमा गुठी र नगरपालिकामा रहेको श्रेस्ताकै आधारमा जग्गाको रोक्का र फुकुवा गर्दै आएका थियो उनले भने–'हाल आएर सरकारले नै रोक लगाएपछि समस्या भएको हो ।'
नापी कार्यालय महोतरीका निमित प्रमुख राजकुमार द्विवेदीले मटिहानीको विटौरी जग्गा बारे जग्गाधनीबाट निकै गुनासाहरु आइरहे पनि प्राविधिक कारणले समाधान गर्न नसकिएको बताए । विगतमा ती कार्यालयहरुमा रहेको श्रेस्ताकै आधारमा जग्गाको रोक्का र फुकुवा गर्दै आएका थिए तर हाल आएर सरकारले नै रोक लगाएपछि समस्या भएको हो । विटौरी जग्गा प्रत्येक चुनावमा उम्मेदवारहरुको चुनावी एजेण्डा बनाउने गरेका छन् । तर कार्यान्वयनमा आउन सकेको छैन् । स्थानीय निर्वाचन तथा हालै सम्पन्न संसदीय निर्वाचनमा समेत विभिन्न राजनीतिक दल र तीनका उम्मेदवारले आ–आफ्नो प्रतिवद्धता पत्रमा उक्त समस्यालाई प्रमुख एजेण्डा बनाएका थिए । नापीले मालपोत कार्यालयसँग मागेका कागजपत्र मालपोतले उपलब्ध गराउन नसकेको भन्दै काम अघि बढाएको छैन् । मालपोत कार्यालयले भने धेरै पुराना कागज खोज्न समस्या भएकोले स्थानीयले जग्गाको कर तिरेको रसीदको आधारमा नापी गरिदिए सजिलो हुने जवाफ दिएको छ । आफ्नो सम्पत्ति भएर पनि लालपूर्जा नभएकै कारण कुनै आर्थिक कारोबार गर्न नपाएको उनीहरूको गुनासो छ । सरकारले गाउँ ब्लक र बिटौरीको जग्गाको खरिद बिक्रीमा रोक लगाएपछि जग्गाधनीहरू समस्यामा परेका छन् । नापी गुठी मालपोत कार्यालय मटिहानी नगरपालिकाले एकले अर्कालाई देखाएर पन्छिदा स्थानीयहरू मारमा परेका छन् । आफ्नो सम्पत्ति भएर पनि लालपुर्जा नभएकै कारण कुनै आर्थिक कारोबार गर्न नपाएको उनीहरूको गुनासो छ ।

# मुआब्जा विवादका कारण तेस्रो चरणको विस्तारमा ढिलाइ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल रेल्वेको मुआव्जा विवादका कारण रेल्वेको तेस्रो चरणको विस्तारमा ढिलाइ भएको छ ।
पहिलो चरण अन्तरगत जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेल्वे ट्रयाक निमार्ण भई २०७८ चैत २० गते देखि रेल नियमतीत रुपमा संचालन हुदै आएको छ भने दोस्रो चरणमा कुर्था देखि सीतापुर भंगहा बिजलपुरा सम्म १७ किलोमिटर रेल्वे ट्रयाक निमार्ण भई पछिल्लो दुई महिना देखि रेल संचालन हुदै आएको छ ।
दुईचरणमा गरि ५२ किलोमिटर रेल दगुरिरहेको अवस्था छ तर सन २०१० मईमा नेपाल र भारत सरकारविच जयनगर जनकपुरधाम हुदै महोत्तरीको बर्दिबास सम्म ६९ किलोमिटर रेल संचालनको सम्झौता भएको थियो । सोहि सम्झौता अन्तरगत बाकि रहेको १७ किलोमिटरमा ट्रयाक निमार्णको काममा मुआव्जा विवादले अडचन पैदा गरेको हो ।
जयनगर जनकपुरधाम हुँदै महोत्तरीको बर्दिबाससम्म ६९ किलोमिटर रेल संचालन गर्ने विषयमा नेपाल सरकार र भारत सरकारबीच सम्झौता भएको १३ वर्ष पुगिसकेको छ । तर पनि सो सम्झौता अनुसारको कार्य पूरा भने हुन सकेको छैन । सम्झौतामा नेपाल पक्षले रेल्वे ट्रयाक निर्माणका लागि जग्गा उपलब्ध गराउने र भारतीय पक्षले सो जग्गामा रेल संचालनका लागि ट्रयाक निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने र नेपाल पक्षले रेल संचालन गर्ने उल्लेख छ । भंगहा बिजलपुरा देखि बर्दिवाससम्म १७ किलोमिटर रेल्वे ट्रयाक निर्माणको लागि जग्गा उपलब्ध गराउने जिम्मा नेपाल सरकारको रहेको छ । तर अहिलेसम्म नेपाल सरकारले तेस्रो चरणको रेल सञ्जाल विस्तारको लागि जग्गाको अधिग्रहण गर्न सकेको छैन ।
रेल विभाग साइड कार्यालय जनकपुरधामका अनुसार सो सञ्जालमा पर्ने जग्गामध्ये अहिलेसम्म ७५ प्रतिशत मात्रै जग्गा अधिग्रहण भई मुआब्जा वित्तरण गरिएको छ । २५ प्रतिशत जग्गाको अझै पनि अधिग्रहण हुन सकेको छैन । रेल विभाग साइड कार्यालय जनकपुरधामका इन्जिनियर बिनोद ओझाले अहिलेसम्म २ सय १४ विघा क्षेत्रफल जग्गाको करिव २ अर्व ३० करोड ४० लाख मुआब्जा मात्रै वितरण भएको छ । मुआब्जा विवादका कारण जग्गा अधिग्रहण कार्यमा ढिलाइ भएको उनले बताए । सरकारले जग्गा अनुसारको मुआब्जा दिने व्यवस्था गरेको छ । तर केही किसानले तोकिएको भन्दा बढी रकम माग्दा कतै कतै जग्गा अधिग्रहण हुन नसकेको र केही जग्गामा विवाद देखिएकोले पनि समय लाग्ने गरेको इन्जिनियर ओझाले बताए । जग्गा प्राप्ति ऐन २०३४ अनुसार जग्गालाई तीन किसिमले वर्गीकरण गरी मुआब्जा वितरण गरेको छ । जस अन्तर्गत साविक भंगहा गाविस अन्तर्गत जग्गाको मूल्य प्रतिकठ्ठा १ लाख ५० हजारदेखि ८ लाखसम्म, किसान नगरको जग्गालाई प्रति कठ्ठा दुई लाखदेखि ८ लाखसम्म, आदर्शनगर बेंगाडावरको जग्गालाई प्रति कठ्ठा ६ लाखदेखि ३५ लाखसम्म र बर्दिवासको जग्गालाई प्रति कठ्ठा आठलाखदेखि ८१ लाखसम्म मुआब्जा वितरण गरिएको छ । उनले आगामी मंसिर सम्ममा पूर्ण रुपमा जग्गा अधिग्रहण गरी भारतीय पक्षलाई ट्रयाक निर्माणको लागि पत्राचार गरिने बताए । भारतीय सरकारको अधीनमा रहेको कम्पनी इरकाँनले ट्रयाक निर्माणको कार्य गर्दै आएको छ । उनले निर्माण कार्य सुरु भएको तीन वर्ष भित्रमा बर्दिवाससम्म रेल संचालन हुने बताए ।

**सबैलाई खुशी बनाउन खोज्नु पनि असफलताको कारण हो ।**
–अज्ञात

# मलमासकै कारण झुला पर्व शुभारम्भमा विलम्ब

*“सावन महिना, वर्षे बदरीया, चम्के बिजुरीया ना*
*आहो रामा चम्के बिजुरीया ना, कि बदरा घनर घनर घन वरसे, बुन्दिया वर्षन लागे ना....”*



उदय कुमार यादव

मलेमासःसौर्य मास र चन्द्रमास गरी दुई थरी मास हुंदो रहेछन् ।सुर्यको गति अनुसार ३सय ६५दिनलाई १२महिनामा बांडिएको महिनालाई सौर्यमास भनिन्छ ।अर्थात संक्रान्ति देखि मसान्त सम्मका समयलाई सुर्य महिना र चन्द्रमास भनेको एक पुर्णिमा देखि अर्को पुर्णिमा सम्मको महिना बुमिmन्छ ।तसर्थ सुर्य महिना भन्दा चन्द्र महिना छोटो हुन्छ ।कारण सौर्य वर्ष भनेको ३६५दिन १५घरी२२पला ५७विपलाको हुन्छ ।तर चन्द्र वर्ष ३५४दिन २२घरी १पला २३विपलाको मात्र हुन्छ ।यसरी चन्द्रवर्ष चांहिसुर्य वर्ष भन्दा १०दिन ५३घरी२१पला अथवा करिब ११दिन कम हुन्छ ।यर्थात् प्रत्येक वर्षमा ११दिनका दरले कमी हुंदा ३वर्षमा ३३दिनको फरक पर्न जान्छ ।यही अन्तर मिलाऊन हरेक ३२महिना १६दिन पछि चन्द्रमासलाई नै मलमास परेको महिना भनिन्छ ।

अर्थात् मलेमास परेका वर्ष चांहि १३वटा चन्द्रमास पर्दछन् ।अनिखेरि सुर्य भगवानले चांहि केवल १२वटा महिना मात्र स्विकार गर्छु,१३औं महिना(मास) मैले स्विकार गर्दिन भनेपछि ,विष्णु भगवानले त्यो १३औं महिना(मास)मेरो भनेपछि,मलमासलाई पुरुषोत्तम् मास भनिएको हो ।यसपाली साउन १गते र ३१गते औंसी तिथी परेकोछ त्यहि भएर साउनमा मलमास परेको हो ।लगभग एकमास जति अब सबै तिथिमिति तथा पर्व यो मलमासले गर्दा पछिपर्दै जानेछ होला,त्यसैले पकृति पनि असारे पानी श्रावनमा परेर वास्तविकता मmल्काउंदैछ नि ?खासगरि मलमास तीनवर्षका अन्तरालमा आउने गर्दछ र यसमा तराई मधेश बासीका गौरव भनेको गेरुका स्नान हो जुन गंगा र कमला स्नानभन्दा कम पवित्र मानिदैनन् ।

**झुला पर्वको रौनकतामा कमीः**

प्रात्येक साल प्रायः झुलन पुर्णिमाको १५दिन पहिले यो झुलापर्व धुमधामका साथ साउन महिनामा नै मनाउने गरिन्छ ।पहिला पहिला गांउघरमा पनि देवस्थल ,दलान बरघरा आदिमा साउनमानै भगवान श्रीकृष्ण र राधाका मुर्ति राखी भगवानका डोला वा सानै मन्दिर सहित झुलामा राखेर रेसमका धागा बंधेर सांझ विहान किर्तन भजन सहित धुमधामका साथ झुलाईन्थ्यो ।शहरमा त झन् विशेष उत्सवका साथ नृत्य गीत सहित १५दिनसम्म यो झुला पर्व मनाईन्थ्यो । गांउघरमा त साउन भरी नै आईमाईदेखि पुरुषहरु पनि मिलेर किर्तन भजनमा सरिक हुन्थ्यो ।अचेल यस धार्मिक उत्सवमा धेरै नै कमी महशुस भैरहेको देखिन्छ ।

यसका पछि धेरै नै कारण हुन सक्छ,आधुनिकताले मानिसलाई गलत तरिकाबाट शभ्य बनाई राखेको हामीलाई बुझ्नमा आएकोछ जस्तो लाग्दछ नि ?कारण मोडर्न जमानाको खराबी भन्ने कि खुबी ? प्रत्येक व्यक्तिका हातहातमा मोबाईलभयो घरघरवाईफाई भयो सबैथोक मोबाईलमै देखिने भएपछि,धार्मिकता समाजिकता अनि नैतिकतामा पनि ह्रास आउंदै गरेको देखियो,ठुलो विडम्बना भनेको यहि नै हो ।मान्छे बढि चांहि भौतिक सुखसुविधा तिर नै त्राहिमाम छन् । तिनकादैनिकी अथवा भनौ मान्छेको दिनाचार्यको शेडुल नै बिग्रेर गएकोछ नि ? कुनबेला केकाम गर्नुपरेको त हेर्दाखेरी असी प्रतिसत मान्छेका दैनिकीमा उथल पुथल वा भनौ कृतिम भुंईचालो आउने गरेको देखियो । जाग्नेबेला मान्छे सुते जस्तो,सुत्नेबेलामा जागेकै जस्तो बसेर गर्नु पर्नेकाम उठेर ,उठेर गर्नुपर्ने काम चांहि सुतेर नै,यो केभो आधुनिक मानवतालाई ?

यसपाली मलेमासले गर्दाखेरी झुलापर्व भदौ१गतेपछि नै शुरु गरिने,भजनीया कुटीका एकजना सन्तले बताउनु भएकोछ । यो कुटी मधेश भवनका नजिक मेनरोडका पुर्वउभिदाको दायां अथवा दक्षिण पर्दछ ।त्यसपछि लगभग १३,१४दिनकोवादमा पुर्णिमाका दिन विधिवत समापन हुनेछन् । यसपाली २०८० भदौ १४गते अर्थात् अंग्रेजी सम्वत् २००२३ अगस्त ३१,३० कादिन झुलन पुर्णिमाका दिन परेकोछ । यस पर्वका ताम झाम, रमझम अनि धुमधामका रौनकताका कुरा जब चल्दछ,तब आंखा नै रसाएर आउंछ र विगतकादिन अब कथाकाहानीमै सिमित भएजसो देखिन्छ क्या ? कारण झुला पर्व भरि जनकपुरका प्रत्येक मठ मन्दिरमा सांझ विहान राधाकृष्णकै धुनमा नांच गान खेल तमासाले भरपुर मनोरञ्जन हुन्थ्यो । हेर्न लायक धार्मिक स्थल मध्ये झुलाघर (जहां अहिले गुंहाटी विद्यालय खुल्याछ), रतन सागर,जहां भारतबाट कलाकार आंउथ्यो कृष्णलीला र राशलीला



देखाउनकालागि ।त्यस्तै जानकी मन्दिरका भव्य प्राङ्गण भित्र मण्डपमाजन्माष्ठमी र दशमीका मुर्ती झै सुनौली रुपौलीकलरमा भगवानको मुर्तिसजाईएर झुला झुलाईन्थ्यो,दुलहा दुलहीन मन्दिरमा,विहार कुण्डका चारै परिशर आदि ईत्यादि देवस्थलमा करिव पन्द्रदिन सम्म स्वगकाझै नांगारा शंखका ध्वनी अनि गीत संगीतका ध्वनी गर्जयमान हुन्थ्यो,बेलुकीपख खासगरी सांझदेखि अबेला रातिसम्म पनि गीत संगीत अनि नृत्य सहित सम्बन्धित प्रसंगमा भव्यमेला नै लाग्थ्यो ।

खास गरी गाउंघरमा पनि एउटा लोकप्रिय सावन मासका वर्षाभरि महान पर्व झुलामाथि केन्द्रित रोमाञ्चक गीत,जुन कृष्ण भगवानले यसै महिनामा कसरी कदमका डाढीं(हांगा)मा आफनी प्यारी राधा संग द्धापर युगमा झुला झुलेका ,प्रसंग झल्काउंदछ त्यो यसरी प्रस्तुत् गर्न चाहन्छु........

*झुला लगय कदमकी डाढी, झुले कष्ण मुरारी ना..*
*झुले कृष्ण मुरारी ना, आहो रमा कृष्ण मुरारी ना,*
*कि झुला लगय कदमकी डाढी, संगमे झुले राधा प्यारी ना..*

*सावनके महिना वर्षे वदरीया, चम्के बिजुरीया ना,*
*के आहो रामा चम्के बिजुरीया ना, कीबदरा घनर घनर घन वरसे,*
*बुन्दिया वर्षन लागय ना......*
*आमके डाढी कोईलीया बोलय, वनमे नाचे मोरनीयां ना,*
*आहो रमा नाचे मोरनीयां ना, की झुला लगय कदमके डाढी,*
*झुलय कृष्णामुरारी ना......*

**झुलन पुर्णिमा(जनै पुर्णिमा) भर्सेज रक्षा बन्धनः**

रक्षा बन्धनःवास्तवमा हरेक साल प्रायः झुलन पुर्णिमाकै दिन रक्षा बन्धन परेकाले यस पाली भाद्र१४कादिन रक्षा बन्धन परेकाले झुलन पुर्णिमामा पनि यसै दिन पर्न सक्दछ । यस पुर्णिमालाई जनै पुर्णिमा पनि भनेर भनिन्छ । कारण यसै शुभदिनमा तागाधारीहरु यानेकी जनैधारीहरु आ आफ्ना जनै फेरीकन नविकरण गर्ने गर्दछन् । यज्ञो पवित्र अथवा उपनयन संस्कारबाट धारण गरिएका पवित्र बन्धनलाई यसै दिन फेरिन्छ । भनिन्छ यहिधागा गाई पुजाकादिन गाईका पुच्छरमा बांधिदिनाले हिन्दु धर्म संस्कृति र पौराणिक परम्परा अनुसार वैतरणी पार गर्न सकिन्छ भने मान्यता रहिआएकोछ । यसका साथै यसदिन लाई मानिसहरुले लोकभाषामा मणी पर्वल पनि भन्ने चलन रहिआएकोछ । रक्षा बन्धनका फेरि कम महत्व रहेनछ,यस पर्वले भाई वहिनीका पवित्र बन्धनका रुपमा लोकप्रियता कायम गरेकोछ,भने अर्का तर्फ यसबाट खासगरी भाई अथवा दाईलाई दैविक रक्षाका आशिक मिल्दछ ताकि कुनै पनि संकटबाट यस बन्धनले सदाकोलागि मानौ आजिवन सुरक्षा कवज कै रुपमा धार्मिक तथा अध्यात्मिक रुपले पुजिन्छ र मानिन्छ । विभिन्न धार्मिक द्दष्टान्तले यस पर्वका महान्तालाई झल्काएकोछ ।

महाभारतका प्रसंग यस सम्बन्धित के रहेछ भने,सानैमा कृष्णजीका कुनैअस्त्र मानौ शुदर्सनचक्रकै भुलले दुरुपयोग भएपछि एउटा औलाचांहि रक्ताम्य भएर केहि गरपछि पनि रक्त नरुकिने भएर छटपटाई रहेकै बेलामा जब द्रोपतीका आंखा त्याहां पुग्दा आफनी ओढनी च्यातीर त्यसैकोधागो अनि सुतले जब बांधीदिंदा रगत चांहि एक्कासी बंदभएछ,यसको उपकार जबभगवानले वहिनीलाई सोधेकि कसरी चुकाऊं ?अनि वहिनीले जवाफ फर्काईन अहिले होईन,समय आएपछि मेरो यो उपकार चुकाउनु होला । अनि जब महाभारतका युद्धकै शुरुवातीमा जब पांच भाई पाण्डव जुगाखेलमा हारे पछि शर्त बमोजिम जब कौरबले बीच सभामा सारीखिचेर नांगै पार्ने प्रयास गरनेबेला द्रोपतीले त्यही धागोका बन्धन याद दिलाएपछि, दिनदयाला बनी अबला वहिनीको लाज अखण्ड चीरबढाएर उपकार गरेकाहुन । यस्ता अनेकौ धार्मिक प्रसंग यस रक्षा बन्धन संग जोडिएको पाईन्छ ।

**माणी पर्वल,जनै पुर्णिमा, झुलन पुर्णिमाः(पर्वहरुका पर्व)**

वास्तवमा यो झुलन पुणिमाका दिन अन्य अरु पर्व तथा मेला लागेकै हुनाले यस पर्वलाई विभिन्न नामले बुझिन्छ जस्तै यसै दिन काठमाडौंमा गाई यात्रा पनि मनाईन्छ भव्य रुपमा ,यसप्रकार यसलाई गाई जात्रा,जनै पुर्णिमा अनि रक्ष बन्धन र झुलन पुर्णिमाको नामले पनि पुकारिन्छ ।अर्का शब्दमा यसलाई मणी पर्वल पनि भनिन्छ । जेहोस् ,यसै कारणले झुलन पुर्णिमालाई पर्वहरुका पर्व भनिन्छ होला । यसैदन झुला पर्व समापन भएका खण्डमा, विशेष विधिवत रुपले झुलाका डोरी पनि काटिन्छ र जसरी श्री कृष्ण जन्माष्टमीमा मेलाका सातापछि भसांनका दिन, जसरी दशमी वा दशहराका समापन दिनमा विधिवत भसान गरिन्छ (सेलाईन्छ) मुर्तिहरुलाई अनि भक्तजनहरुमा एक किसिमले निराशापन तथा खलोपना महशुस हुंदा रहेछ, त्यसै प्रकारले यो पुर्णिमाको दिन जब लगभग पन्द्र दिन पछिका झुलनका मनोरञ्जन पछि डोरी काटेर हरेक मठ मन्दिरमा झुला समापन गरिन्छ तब ठीक त्यस्तै खलोपना र एक प्रकारले निराशा हरेक भक्तजनमा देखिन्छ तर अर्का तर्फ फेरि रक्षा बन्धनका उमंगल ती निराशाहरु आनन्दमय अनुभुतिमा परिणत हुंदा रहेछ फेरि ॥

## सम्पादकीय

# मरेर जाँदैन
## दानवीर साहको योगदान

रामस्वरुप रामसागर दाजुभाईको नाम उच्चारण नगर्ने व्यक्ति जनकपुरमा सायदै कोही होलान् । नेपालकै पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको परिकल्पना नहुँदै जनकपुरमा रामस्वरुप रामसागर बहुमुखी क्याम्पस सञ्चालनमा आइसकेको थियो । यो क्याम्पसमा शिक्षा ग्रहण गर्ने व्यक्तिकै संख्या यकिन गर्न सहज छैन ।
शिक्षा क्षेत्रमा मात्रै सामाजिक योगदानको विगत कोट्याउने हो भने रामस्वरुप रामसागर क्याम्पस बाहेक, सरस्वती माध्यमिक विद्यालय, सकल भवन कन्या माध्यमिक विद्यालय र मुजेलियास्थित राष्ट्रिय माध्यमिक विद्यालयले ओगटेको सबै जग्गा रामस्वरुप रामसागरकै परिवारको देन हो । र, यसका लागि अगुवाई गर्ने व्यक्ति हुन् रामचन्द्र साह । जो दुई दिन अगाडीसम्म रामस्वारुप रामसागर परिवारका ज्येष्ठ सदस्यको रुपमा रहेका थिए । शुक्रबार बिहान ९५ वर्षको उमेरमा उनको निधन भएको हो ।
शिक्षामात्रै होइन सामाजिक तथा धार्मिक क्षेत्रमा पनि साहको उल्लेख्य योगदान रहेको छ । मठमन्दिर निर्माणदेखि समाजका लागि केही गरेर जाने सोचका साथ धार्मिक क्षेत्रमा पनि उनले जनकपुरबासीले सम्झिरहने कामहरु गरेका छन् । जनकपुरधामको शिव चोकस्थित शिव मन्दिर निर्माण, गंगासागरघाट धर्मशाला निर्माण, जटहीमा पुल र मन्दिर निर्माण, मुजेलियामा धर्मशाला र मन्दिर निर्माण, रत्नसागर मन्दिर निर्माण, तुल्सी स्मारक निर्माण, महिनाथपुर संस्कृत महाविद्यालय निर्माण, धनुषाको कुशमाहा सतोषरस्थित शिव मन्दिर निर्माण, बेङ्गाडाबरमा साढे चार बिघा जग्गामा विद्यालय र शौचालय निर्माण लगायत महत्वपूर्ण योगदानले भौतिक रुपमा उनी नरहेपनि उनको सम्झना सँधैभरि भइरहनेछ ।
साहको निधनप्रति मधेश प्रदेशका मुख्यमन्त्री सरोजक कुमार यादवले शोक प्रकट गरेका छन् । ‘शिक्षा, स्वास्थ्य, पूर्वाधारका क्षेत्रमा जग्गा, जिन्सी र नगद गरी अर्बौं रुपैयाँबराबरको सम्पत्ति सहर्ष समाजलाई दान गर्ने दानवीर रामचन्द्र साहको निधनले मर्माहत तुल्याएको छ’ मुख्यमन्त्री यादवले जारी गरेको विज्ञप्तीमा उल्लेख छ ।
मुख्यमन्त्रीले उनको निधनप्रति औपचारिक रुपमै शोक प्रकट गरिरहँदा साहले तयार गरिदिएको पूर्वाधारबाट लाभान्वित हजारौँ व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उनका हरेक योगदानलाई सम्झेका छन् र सम्झिरहनेछन् । समाजलाई असल बाटो देखाउने मात्र होइन निर्माण गरिदिने ती महान् आत्माले चीर शान्ति पाउन् । ती दानी मनलाई सलाम !
आज समाजमा सकारात्मक भन्दा नकारात्मक भावना हावी भइरहेको छ । कम्तीमा कसैको भलो गर्न नसके कुभलो पनि नचिताउनु पर्ने हो । तर, अहिलेको समाजमा आफुसँग कुनै कुराको कमी भएर वा अभाव भएर भन्दा बढी छिमेकी वा नजिकको व्यक्तिसँग धेरै, पर्याप्त भएकोमा दुख मनाउ गर्ने समाजको प्रवृति सतहमा आइरहेको छ । यस्तो बेला दानवीर साह परिवारको योगदान अतुलनीय छ । सँधै सँधैभरिका लागि सम्झिरहन लायक छ ।
यदि रामस्वरुप रामसागर परिवार जनकपुरमा नजन्मिएको भए आज जनकपुरको स्वरुप कस्तो हुनेथियो ? यहाँका शिक्षालयहरुको स्वरुप कस्तो रहनेथियो ? धार्मिक शहर भनेर चिनिने जनकपुरको आकृति कस्तो खालको देखिन्थ्यो ? यी र यस्ता प्रश्नलाई आधार बनाएर ती परिवारको योगदानको कल्पना गर्न सकिन्छ । हुन त जनकपुर मात्रै होइन, जिल्लाकै अन्य गाउँ, नगर तथा मधेशका अधिकांस जिल्लामा सरकारी भन्दा पनि सामाजिक योगदानकै आधारमा शैक्षिक धरोहरहरु ठडिएका छन् । जिल्लाकै रघुनाथपुरमा फकिरचन्द गामी परिवार र मानन्धर परिवारले दानमा दिएको जग्गामा छ दशक अगाडी विद्यालय बन्यो । सप्तरी, सिरहा र वीरगंजका सामुदायिक क्याम्पसहरु पनि सरकारले होइन समाजकै दानवीरहरुको देन हो । अतः व्यक्ति दैनिक लाखौ जन्मिन्छन् र मरेर जान्छन् पनि । तर, दानवीरहरु भौतिक रुपमा यो संसारबाट विदा भएर गए पनि उनीहरुका योगदान रहिरहन्छ र सम्झिरहन्छन्, जगतले ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्फा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकैबढ्नेछ,।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
शत्रुहरु गुप्तरूपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# उत्पादित वस्तुको निर्यात दर घट्यो




**मधेशदृष्टि**
**मकवानपुर ।**
जिल्लामा उत्पादित सामग्री विदेश निर्यात हुने दर घटेको छ । कोरोना संक्रमण, आर्थिक मन्दी लगायतका कारण उत्पादन नै घटेपछि निर्यात दर पनि घटेको हो । तथ्याङ्क अनुसार मकवानपुरबाट भारत तथा अन्य मुलकसँगको निर्यात व्यापार बर्सेनि घट्दो छ । आर्थिक वर्ष २०७९/०८० को तुलनामा अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा मकवानपुरको निर्यात व्यापार दर केही बढी थियो ।

आर्थिक वर्ष २०७८/०७९ मा मकवानपुरमा सञ्चालित निर्यातजन्य उद्योग र व्यावसायिक प्रतिष्ठानबाट १ अर्ब ५५ करोड ५६ लाख ८० हजार रुपैयाँको निर्यात भएको मकवानपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

संघका अनुसार गत आर्थिक वर्ष २०७९/०८० मा ४८ करोड ६६ लाख ६९ हजार रुपैयाँको मात्र निर्यात भएको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा मकवानपुरको निर्यातजन्य उद्योग तथा व्यावसायिक प्रतिष्ठानबाट हुने निर्यात व्यापार १ अर्ब ६ करोड ९० लाख ११ हजार रुपैयाँले घटेको संघको तथ्याङ्क छ ।

आर्थिक वर्ष २०७८/०७९ मा मकवानपुरमा सञ्चालित ४ उद्योग र एउटा व्यापारिक प्रतिष्ठानले भारत र तेस्रो मुलुकमा खाद्य पदार्थसहित औद्योगिक उत्पादन निर्यात गरेका थिए । एडभान्स टेक्नोलोजी एन्ड मेसिन नेपालले फोहोर प्रशोधन गर्ने उपकरण जापान निर्यात गरेको थियो । उद्योगले उत्पादन गरेको उपकरणलाई संघले उत्पत्तिको प्रमाणपत्र जारी गरेको थियो । त्यस्तै आर्थिक वर्ष २०७७/०७८ मा मकवानपुरबाट २३ करोड ६२ लाख ६४ हजार रुपैयाँको निर्यात व्यापार भएको छ भने आर्थिक वर्ष २०७६/०७७ मा २५ करोड ५७ लाख ७३ हजार रुपैयाँको निर्यात भएको संघको तथ्याङ्क छ ।

अघिल्लो आर्थिक वर्षमा १ अर्ब ४२ करोड ६८ लाख ९८ हजार रुपैयाँको निर्यात गरेको गोदावरी पोलिप्याक्सको व्यापार घटेर निर्यात दरमा प्रभाव परेको छ । कम्पनीले गत आर्थिक वर्षमा ७२ लाख ४७ हजार ५२६ रुपैयाँको उत्पादित सामग्री निर्यात गरेको थियो ।

# मिटरब्याज पीडितले फिर्ता पाए ११९ विघा जग्गा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
मिटरब्याजसम्बन्धी कानून बनेसँगै छानबिन, अनुसन्धान र मिलापत्रको काम तीव्र पारिएको छ । गृह मन्त्रालयमा प्राप्त रिपोर्टमा अहिलेसम्म तीन हजार एक सय ६१ पीडितसँग गरिएको मिलापत्रमा उक्त तथ्य पुष्टी भएको छ । नेपालमा विभिन्न क्षेत्रका मिटरब्याजीले दिएको रकममा शतप्रतिशतभन्दा बढी रकम लिने गरी मिटरब्याजमा पैसा लगाएको पाइएको छ । पीडितहरूले दिएको उजुरी छानबिनका क्रममा अहिलेसम्मको उजुरी फछ्र्यौटमा उनीहरूले दिएकोभन्दा दोब्बर पैसा असुल्ने गरी मिटरब्याजमा पैसा लगाएको पाइएको गृहमन्त्रालयले जनाएको छ ।

पीडितले साहुसँग एक अर्ब आठ करोड ६० लाख ८३ हजार छ सय ९४ रुपैयाँ माग गरेको देखिएको छ । तर साहुले भने रकम बढाएर दुई अर्ब ६१ करोड ६२ लाख २१ हजार दुई ४३ रुपैयाँ लिनुपर्ने बनाएको मिलापत्रका क्रममा देखिएको मन्त्रालयको तथ्यांकले देखाएको छ । यो रकम मागेभन्दा डेढ अर्बभन्दा पनि बढी हो ।

सबैभन्दा बढी मधेस प्रदेशको ६९ करोड ५१ लाख रुपैयाँ छ भने सबैभन्दा कम कर्णालीमा तीन करोड छ लाख रुपैयाँ रहेको छ ।

प्राप्त विवरणअनुसार तीन हजार एक सय ६१ जनाबाट साहुले हडपेको एक सय १८ बिघा १९ कठ्ठा छ धुर जमिन पीडितलाई फिर्ता भएको पनि छ । हालसम्म यसरी पीडित भएको भनेर २३ हजार नौ सय ६१ जनाले उजुरी दिएका छन् ।

अहिले सरकारले बनाएको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले उजुरी लिने, मिलापत्र गराउनेलगायतका काम गरिरहेको छ । गम्भीर प्रकृतिका घटना, रकम उठाउन धम्की दिने, मानसिक तथा शारीरिक यातना दिने तथा जग्गा गम्भीर तरिकाले हडप्ने जस्ता व्यक्तिको हकमा भने कारबाहीका लागि सिफारिस गर्ने अधिकार आयोगलाई छ । तर, पहिलो चरणमा मिलापत्रलाई नै प्राथमिकता दिएर काम गरिरहेको आयोजनाका सदस्य पूर्वएआइजी उत्तमराज सुवेदीले बताए ।

# करोडमाथिको कारोबारमा मासिक भ्याट विवरण बुझाउनुपर्ने




**रासस**
**काठमाडौँ ।**
करदाताले मूल्य अभिवृद्धि कर (भ्याट) दाखिला गर्नेसम्बन्धी साविकको व्यवस्थामा परिवर्तन भएको छ । नयाँ व्यवस्थाअनुसार वार्षिक एक करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनीले मासिक र वार्षिक एक करोडभन्दा कम कारोबार गर्ने कम्पनीले चौमासिकरूपमा भ्याट विवरण दाखिला गर्नुपर्ने आन्तरिक राजस्व विभागले जनाएको छ ।

'मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा संशोधन भई साविकमा रहेको इँटा उद्योग, होटल, पर्यटन तथा चलचित्र उद्योगले चाहेमा विवरण पेस गर्ने अवधि चौमासिक कायम गर्न सक्रेछन् भन्ने व्यवस्था खारेज भएको छ', विभागले शुक्रबार सूचना जारी गर्दै भनेको छ, 'संशोधित व्यवस्थाअनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका वार्षिक एक करोड रुपैयाँभन्दा बढीको कारोबार भएका इँटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घरले २०८० साउनदेखि मासिकरूपमा भ्याटको विवरण दाखिला गर्नुपर्नेछ ।' त्यस्तै हाल द्वैमासिकरूपमा भ्याट विवरण दाखिला गर्ने सुविधा नरहेकाले वार्षिक एक करोडभन्दा बढीको कारोबार भएका करदाताले मासिकरूपमा नै विवरण पेस गर्न भनिएको छ ।

वार्षिकरूपमा एक करोड रुपैयाँसम्मको कारोबार गर्ने कम्पनीले भने चौमासिकरूपमै आफ्नो कर विवरण बुझाउन पाउने छन् । 'साना करदातालाई सुविधा दिन मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ बमोजिम गत आर्थिक वर्ष २०७९÷८० को भ्याट विवरण दाखिला गरी वार्षिक एक करोड रुपैयाँसम्मको कारोबार भएका करदाताको कर अवधि २०८० साउनदेखि मासिकबाट चौमासिक कायम गरिएको छ', आन्तरिक राजस्व विभागले भनेको छ ।

यसअघि मासिकरूपमा विवरण दाखिला गर्दै आएका यस्ता करदाताले २०८० साउनदेखि पहिलो चौमासिकको विवरण मङ्सिर २५ गतेसम्म, दोस्रो चौमासिकको चैत २५ गतेसम्म र तेस्रो चैमासिकको साउन २५ गतेसम्म बुझाइसक्नुपर्नेछ ।

यद्यपि एक करोडभन्दा कमको वार्षिक कारोबार भएका करदाताले पनि मासिकरूपमा कर विवरण दाखिला गर्न भने पाउनेछन् ।

यस्ता करदाताले मासिकरूपमा भ्याट विवरण दाखिला गर्न चाहेमा त्यसको जानकारी आन्तरिक राजस्व कार्यालय वा सम्बन्धित करदाता सेवा कार्यालयलाई १५ दिनभित्र गराइसक्न भनिएको छ ।

# विद्युतीय कारोबार बढ्यो




**मधेशदृष्टि**
**काठमाडौँ ।**
आर्थिक वर्ष २०७९/८० मा विद्युतीय माध्यमबाट ५७८ खर्ब ६८ अर्ब ५२ करोड रुपैयाँको कारोबार भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार आर्थिक वर्ष २०७९/८० को असार महिनामा मात्रै ९ करोड ३० लाख १९ हजार ४३४ पटक विद्युतीय माध्यमबाट ५० खर्ब ११ अर्ब ४३ करोड ९ लाख रुपैयाँको कारोबार भएको छ ।

गत वर्षको सोही अवधिमा ७ करोड ९ लाख ५० हजार ५४९ पटक विद्युतीय प्रणालीबाट ६२ खर्ब २७ अर्ब ६४ करोड ८ लाख रुपैयाँको कारोबार भएको थियो । गत वर्षको तुलनामा कारोबार संख्या २ करोड २० लाखले बढेको छ ।

कारोबार रकम भने १२ खर्ब १६ अर्ब रुपैयाँले घटेको राष्ट्र बैंकले जनाएको छ ।

# नेपाल–साउदी सिधा उडान




**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम(नेपाल एयरलाइन्स)ले साउदी अरेबियाको दमाममा सिधा उडान गर्ने भएको छ । निगमका प्रवक्ता रमेश पौडेलका अनुसार आगामी भदौ २० गतेदेखि काठमाडौँबाट दमाममा नियमित सिधा उडान गर्ने गरी शनिबारदेखि टिकट बुकिङ खुला गरिएको हो । नेपाल एयरलाइन्सको यो ११औँ अन्तर्राष्ट्रिय उडान गन्तव्य हो ।

यसअघि निगमले साउदी अरेबियाको रियादमा पनि उडान गरिरहेको थियो ।

उडान तालिकाअनुसार काठमाडौँ–दमाम–काठमाडौँ सेक्टरमा निगमले साताको दुई दिन बुधबार र शनिबार उडान गर्ने र बजारको माग तथा निगमको बजार व्यवस्थापनअनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको निगमका प्रवक्ता पौडेलले जानकारी दिए ।

काठमाडौँ–दमामको प्रवद्र्धनात्मक भाडादर ३५ हजार तोकिएको छ ।

दमाम–काठमाडौँका लागि भने पाँच सय ९६ साउदी रियाल तोकिएको छ । निगमको उडान विस्तारबाट नेपालीहरूको बाहुल्यता रहेको साउदीबाट नेपाल आवागमन सहज र सुलभ हुने विश्वास गरिएको छ ।

निगमले अहिले दुई थान वाइडबडी र दुई थान न्यारोबडी जहाजमार्फत आठ देशका ११ गन्तव्यमा उडान भरिरहेको छ ।

# जलवायुमैत्री कृषि प्रबर्द्धन गरिने




**रासस**
**कर्णाली ।**
कर्णाली प्रदेश सरकारले जैविक विविधता पर्यावरणीय तथा जलवायुमैत्री कृषि प्रवर्द्धनमा जोड दिने भएको छ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले साझेदार संस्थासँगको सहकार्यमा रैथाने बालीको उत्पादन, प्रवद्र्धन र बजारीकरणमा जोड दिने भएको हो ।

कृषि मन्त्रालय र जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लि–बर्ड)बीच शनिबार वीरेन्द्रनगर सुर्खेतमा कृषि जैविक विविधता पर्यावरणीय तथा जलवायुमैत्री कृषि प्रवद्र्धन गर्न सम्झौता नवीकरण साझेदारपत्रमा हस्ताक्षर भएको छ ।

साझेदारपत्र सम्झौता कार्यक्रममा भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले कृषि क्षेत्रको बृहत्तर विकास र प्राङ्गारिक प्रदेश निर्माणका लागि कर्णाली प्रदेशमा कृषि क्षेत्रको विकास गर्ने साझेदार संस्थासँग सहकार्य हुने बताए । उनले रैथाने बाली प्रवद्र्धन तथा विकासका लागि सहकार्य गर्न लक्ष्य लिएकाले साझेदार सङ्घसंस्थासँग सहकार्यको बाटो जहिले पनि खुला हुने बताए । गैरसरकारी संस्थाले सबै क्षेत्रमा विज्ञता भएजस्तो काम गर्ने तर कतै पनि ठोस नतिजा आउन नसकेको उनको भनाइ थियो । तसर्थ गराइ र भनाइमा एकरुपता ल्याउन प्रदेश सरकारले निश्चित मापदण्ड तयार पारेकाले मापदण्डमा रहेर साझेदार संस्थाले दोहोरोपन रोकी निश्चित उत्पादनका लागि तोकिएको कार्यक्षेत्र टोल, वडा तथा बस्ती छनोटमा ध्यान दिन मन्त्री शर्माले निर्देशन दिए ।

# विदेश पढ्न १ खर्ब रुपैयाँ लगियो




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपालबाट विदेश पढ्न जाने विद्यार्थीले आर्थिक वर्ष ०७९/८० मा १ खर्ब रुपैयाँ लगेका छन् । शिक्षातर्फको व्यय १ खर्ब ४२ करोड रुपैयाँ रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । अघिललो आव ०७८÷७९ मा पढ्नका लागि विदेश जानेहरुसँगै ६७ अर्ब ७० करोड रुपैयाँ विदेशिएको थियो । विदेश जाने नेपालीले लैजाने पैसा करीब ५० प्रतिशतले बढेको हो । यस आवमा पढ्न जानेहरुले मात्र ३३ अर्ब रुपैयाँ बढी विदेश लगेको नेपाल राष्ट्र बैंकको वार्षिक तथ्यांकमा उल्लेख छ ।

यस आवमा नेपालबाट भ्रमणमा जानेहरुले ४४ अर्ब रुपैयाँ विदेश लगेका छन् । अघिल्लो वर्ष भ्रमणमा जानेहरुले ३० अर्ब रुपैयाँ विदेशमा खर्च गरेका थिए ।

विदेशबाट नेपाल आउने पर्यटकले गर्ने खर्च भने मात्र ६१ अर्ब ५२ करोड रुपैयाँ रहेको छ । यो आव अघिल्लो आवमा ३२ अर्ब ४५ करोड रुपैयाँ रहेको थियो । सेवातर्फ नेपाल आउने भन्दा नेपालबाट बाहिरिने रकम ठूलो हुँदा नेपालको सेवा क्षेत्र ८३ अर्ब ८५ करोड रुपैयाँ घाटामा रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । यो घाटा अघिल्लो आवको तुलनामा भने केही घटेको छ ।




बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि :

www.emadheshdristi.com
मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# रुससँग वार्ता गर्न पश्चिम अनिच्छुकः रुसी विदेशमन्त्री

- युक्रेन मुद्दामा मस्कोसँग वार्ता गर्न पश्चिमी राष्ट्रहरू अनिच्छुक
- रुसलाई निमन्त्रणा नगरी युक्रेनको विषयमा पश्चिमी राष्ट्रको बहुपक्षीय बैठक
- पूर्वी युक्रेनमा द्वन्द्व समाधान गर्ने वर्षौंदेखिको प्रयास असफल
- पश्चिमी दबाबमा युक्रेनले वार्ता रोकेको टिप्पणी



**सिन्ह्वा**
**मस्को ।**
रुसका विदेशमन्त्री सर्गेई लाभरोभले युक्रेन मुद्दामा मस्कोसँग वार्ता गर्न पश्चिमी राष्ट्रहरू इच्छुक नभएको बताएका छन् । रुसलाई निमन्त्रणा नगरी जेद्दा र कोपेनहेगनमा युक्रेनको विषयमा पश्चिमी राष्ट्रले बहुपक्षीय बैठक गरेका छन् । विदेशमन्त्री लाभरोभले अन्तर्राष्ट्रिय मामिला पत्रिकासँगको शनिबारको अन्तर्वार्तामा भनेका छन् ।
छलफल युक्रेनी राष्ट्रपतिको शान्ति योजनालाई समर्थन गर्ने वातावरण निर्माण गर्न आयोजना गरिएको भनिएको छ तर रुसको बुझाइ र चाहानालाई भने पूर्णरूपमा इन्कार गरिएको छ । रुस सधैं फलदायी वार्ताको लागि तयार रहेको बताउँदै पूर्वी युक्रेनमा द्वन्द्व समाधान गर्ने उद्देश्यले कीभलाई मिन्स्क सम्झौता कार्यान्वयन गराउन वर्षौंदेखि प्रयास गरेको विदेश मन्त्रीको दाबी छ ।
विशेष सैन्य कारबाहीको पहिलो दिनदेखि नै वार्ता शुरु गर्ने युक्रेनको प्रस्तावमा रुसले प्रतिक्रिया दिएको थियो । तर सन् २०२२ मा पश्चिमी दबाबमा युक्रेनले वार्ता रोकेको उनको टिप्पणी छ ।
त्यसपछि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रूसी नेतृत्वसँग कुनै पनि प्रकारको वार्ता गर्न निषेध गरेको लाभरोभको आरोप छ । पश्चिमी प्रायोजकले लगातार युक्रेनलाई बिग्रदो स्थिति थप भयाबह बनाउँन दबाब दिएका छन् । अहिले युक्रेनमा रूस र पश्चिमबीच वार्ताको कुनै सम्भावना नदेखिएको पनि विदेशमन्त्रीको बुझाइ छ । पश्चिमी राष्ट्रको वार्ताको आह्वान थकित युक्रेनी सेनालाई विश्राम दिलाउन र समय घर्काउन खेलिएको रणनीतिक चालको रूपमा मात्र रुसले बुझेको पनि मन्त्री लाभरोभले उल्लेख गरे ।

# आसाम प्रहरीद्वारा प्रतिबन्धित औषधि बरामद

**एएनआई**
**करिमगंज ।**
आसाम प्रहरीले चार करोडभन्दा बढी रुपैयाँको ६१ हजार बोतल प्रतिबन्धित खोकीको औषधि बरामद गरेको छ । आसाम–त्रिपुरा सीमामा रहेको आसामको करिमगंज जिल्लाको चुराईबारी क्षेत्रमा एउटा ट्रकबाट प्रतिबन्धित औषधि बरामद गरिएको प्रहरीले जनाएको छ । ट्रकका चालक विश्वजित विश्वासलाई पनि नियन्त्रणमा लिइएको छ ।
यससम्बन्धमा थप अनुसन्धान भईरहेको छ । गोप्य सूचनाको आधारमा प्रहरीले चुराईबारी क्षेत्रमा ट्रकलाई रोकेर खानतलास गरेको थियो ।
'लागूऔषध विरुद्धको हाम्रो अभियान जारी छ । शुक्रबार राति हामीले एउटा ट्रकलाई रोक्यौँ त्यहाँबाट हामीले प्रतिबन्धित 'कफ सिरप'का ६१ हजार बोतल बरामद गरेका छौँ,' अभियुक्तविरुद्ध प्रारम्भिक कानुनी कारवाही थालिएको जानकारी दिँदै करिमगंज जिल्लाका अतिरिक्त प्रहरी उपरीक्षक प्रताप दासले भनेका छन् ।
यसअघि पनि करिमगंज जिल्लामा खोकीको प्रतिबन्धित सिरफका ३१ हजार बोतल जफत गरिएको थियो ।

# रुस–चीन सैन्य गठबन्धन अमेरिकाको लागि खतराः रामास्वामी

- 'रुस–चीन सैन्य गठबन्धन अमेरिकाको लागि सबैभन्दा ठूलो खतरा'
- रुसीले द्वन्द्व अन्त्य गर्न चीनसँगको आफ्नो सैन्य गठबन्धन छोड्नुपर्ने तर्क
- रुस–युक्रेन द्वन्द्व मस्कोलाई डोनबास क्षेत्र र किएभलाई नाटोमा सामेल नगर्ने शर्तमा अन्त्य गर्न सकिने
- आगामी राष्ट्रपतीय चुनावमा डोनाल्ड ट्रम्पविरूद्ध लड्ने तयारी



**एएनआई**
**वासिङ्टन डिसी ।**
भारतीयमूलका अमेरिकी सांसद विवेक रामास्वामीले रुस–चीन सैन्य गठबन्धन अमेरिकाको लागि सबैभन्दा ठूलो खतरा भएको बताएका छन् । अन्य अमेरिकी नेताहरू भन्दा एकदम फरक विचारका साथ रुस–युक्रेन द्वन्द्व मस्कोलाई डोनबास क्षेत्र र किएभलाई नाटोमा सामेल नगर्ने शर्तमा अन्त्य गर्न सकिने उनले बताएका छन् । केबल न्युज नेटवर्कसँगको कुराकानीमा सांसद रामास्वामीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले द्वन्द्व अन्त्य गर्न चीनसँगको आफ्नो सैन्य गठबन्धन छोड्नुपर्ने तर्क गरे । अमेरिकी आगामी राष्ट्रपतीय चुनावमा रिपब्लिकन प्राइमरीमा डोनाल्ड ट्रम्पविरूद्ध लड्ने तयारीमा रहेका उनले आफू राष्ट्रपतिनिर्वाचित भएपछि मस्को भ्रमण गर्ने बताउँदै चिनियाँ राष्ट्रपति सी चिनफिङको साथ छाड्न रुसी राष्ट्रपतिलाई मनाउनुपर्नेमा जोड दिए । युक्रेनसँगको अमेरिकी संलग्नताले रुसलाई 'चिनियाँ हतियार'तर्फ धकेलिरहेको बताउँदै उनले पुटिन आधुनिक चीनका निर्माता माओत्से तुङजस्तै भएकाले उनलाई चीनसँगको सैन्य गठबन्धनबाट बाहिर निकाल्न अपरिहार्य भएको जिकिर गरे । 'हामीले पुटिन पनि नहारुन्, हाम्रो पनि पराजय नहोस्' भन्ने हिसाबले अमेरिकाले काम गर्नुपर्ने उनले बताए ।

# वेस्ट बैंकमा बस्ती विस्तारमा प्यालेस्टिनीको आपत्ति

- वेस्ट बैंकमा बस्ती विस्तार गर्न १९० मिलियन अमेरिकी डलरको योजना
- वेस्ट बैंकको अघोषित क्रमिक विलय गराउन खोजेको आरोप
- योजना इजरायली सरकारको निर्णयको व्यावहारिक प्रतिबिम्ब
- वेस्ट बैंक र पूर्वी जेरुसेलममा छ लाखभन्दा बढी इजरायलीको बसोबा



**सिन्ह्वा**
**रमल्लाह ।**
प्यालेस्टिनी अधिकारीले शुक्रबार इजरायली सरकारको वेस्ट बैंकमा अनियमित वित्तपोषण गरेर बस्ती निर्माणलाई थप जटिल बनाउन १९० मिलियन अमेरिकी डलर कोष छुट्याउने योजनालाई अस्वीकार गरेको छ । प्यालेस्टाइनी विदेश मन्त्रालयले दक्षिणपन्थी इजरायली सरकार यूईएसहित वेस्ट बैंकको अघोषित क्रमिक विलयलाई गति दिन थप जमिन हरण गर्न दौडिरहेको आरोप लगाएका छन् ।
'हामी विस्तारवादी औपनिवेशिक इजरायली नीतिसहित प्रत्येक दिन कब्जा गर्ने अधिकारी र बसोबास गर्नेहरूको उल्लङ्घन र अपराधको वृद्धिको बीचमा बाँचिरहेका छौँ र यो इजरायली सरकारको निर्णयको व्यावहारिक प्रतिबिम्ब पनि हो, मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसले इजरायली सरकारलाई बस्ती निर्माण र विस्तारको निर्णयले द्वन्द्वग्रस्त क्षेत्रमा थप तनाब निम्त्याउँने र त्यसको पूर्ण र प्रत्यक्षरूपमा जिम्मेवार हुने बताइएको छ ।
आधिकारिक प्यालेस्टिनी तथ्याङ्कका अनुसार वेस्ट बैंक र पूर्वी जेरुसेलममा छ लाखभन्दा बढी इजरायली बसोबास गर्छन् ।
इजरायलले सन् १९६७ मा वेस्ट बैंक कब्जा गरेपछि त्यहाँ बस्तीहरू स्थापना गरेको छ जुन अन्तरराष्ट्रिय कानुन विपरीत हो ।

# चीनको प्राकृतिक ग्यास उत्पादन ७.६ प्रतिशतले बढ्यो



**सिन्ह्वा**
**बेइजिङ ।**
चीनको प्राकृतिक ग्यास उत्पादनमा जुलाई महिनामा तीव्र वृद्धि भएको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ । गत महिना १८ दशमलब ४ अर्ब घनमिटर प्राकृतिक ग्यास उत्पादन गरेको थियो जुन अघिल्लो वर्षको तुलनामा ७ दशमलब ६ प्रतिशतले बढी हो । वृद्धि दर जुनको तुलनामा २ दशमलब १ प्रतिशत अङ्कले बढी थियो ।ब्युरोका अनुसार देशले गत महिना एक करोड ३१ लाख टन प्राकृतिक ग्यास आयात गरेको थियो । जनवरीदेखि जुलाईसम्म चीनको प्राकृतिक ग्यास उत्पादन वार्षिकरूपमा ५ दशमलब ७ प्रतिशतले बढेर १३४ अर्ब घनमिटर पुगेको छ ।

# एसिया कपका लागि नेपाली टोलीलाई पाकिस्तान पठाउने तयारी

- एसिया कपका लागि क्रिकेट टोलीलाई पाकिस्तान पठाउने तयारी
- नेपाल उद्घाटन खेल अगष्ट ३० तारिखमा पाकिस्तानसँग खेल्दैछ
- एसिया कपमा नेपाल पहिलोपटक प्रतिस्पर्धा गर्दै
- क्रिकेटमा सरकारको लगानी बढाउन माग



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट संघ(क्यान) ले आसन्न एसिया कप क्रिकेटका लागि नेपाली क्रिकेट टोलीलाई आगामी बुधबार पाकिस्तान पठाउने तयारी गरेको छ । एक साता पाकिस्तानमा तयारी गर्न क्यानले राखेको प्रस्ताव स्वीकृत भएसँगै नेपाली क्रिकेट टोली अगष्ट २३ तारिखमा त्यसतर्फ जान लागेको हो । नेपालले पाकिस्तानको कुन ठाउँमा रहेर तयारी गर्छ भन्ने टुंगो लाग्न बाँकी छ ।
नेपालले प्रतियोगिताको उद्घाटन खेल अगष्ट ३० तारिखमा पाकिस्तानसँग खेल्दैछ । नेपालले समूहगत चरणमा पाकिस्तान र भारतसँग खेल्ने छ । एसिया कपमा नेपाल पहिलोपटक प्रतिस्पर्धा गर्न लागेको हो ।
प्रतियोगिताका लागि नेपालको १७ सदस्यीय राष्ट्रिय टोली घोषणा भइसकेको छ । पाकिस्तान, बंगलादेशले पनि टिम घोषणा गरिसकेका छन् । भारतले भने टिम घोषणा गर्न बाँकी छ । एसिया कपमा भारतले आफ्ना खेल श्रीलंकामा खेल्ने छ ।
यसैबीच क्यानका अध्यक्ष चतुर बहादुर चन्दले नेपाली खेलकुदमध्ये सबैभन्दा धेरै लगानी क्रिकेटमा लगाउन आवश्यक रहेको बताएका छन् । शनिबार धनगढीमा सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको साधारण सभामा बोल्दै चन्दले क्रिकेटले मात्रै तत्काल विश्वकप खेल्न सम्भव भएको हुँदा सरकारले लगानी बढाउनु पर्ने तर्क गरे ।
उनले नेपाली क्रिकेटलाई विश्वले चिनिसकेकाले भन्दै आगामी दिनमा खेल उत्कृष्ट बनाउनको लागि लगानी बढाउनु पर्ने बताए । उनले भने, 'नेपालप्रति आईसीसी अत्यन्तै सकारात्मक र नेपाली क्रिकेटको क्रेजलाई नजिकबाट नियालिरहेको छ त्यसैले यो स्वर्णिम अवसरलाई समयमै हामीले सदुपयोग गर्नुपर्ने र अबको समय भौतिक पूर्वाधारमा लगाउनुपर्ने छ ।'
सन २०२४ मा अमेरिका र वेस्टइण्डिजमा संयुक्त रूपमा आयोजना हुने टी–ट्वान्टी विश्वकप एसिया क्वालिफायरको आयोजना गर्ने जिम्मा नेपाललाई दिनु, सन २०२७ मा यु–१७ महिला विश्वकपको सहआयोजक नेपाललाई बनाइनुले पनि नेपालको गरिमा बढेको अध्यक्ष चन्दको भनाइ छ ।
नेपालमा क्रिकेट क्रेज देखेर विश्वका अधिकांश देशहरू नेपाल आउन चाहेपनि सुरक्षा सहितको अन्तर्राष्ट्रिय रंगशाला बनाउन नसक्दा त्यो सम्भव नभएको बताए ।
अध्यक्ष चन्दले खेल पर्यटनबाट अरबौँ कमाउने सक्ने सम्भावना हुँदाहुँदै पनि सरकारले कुल बजेटको ५ प्रतिशत मात्रै खेलकुदमा राखेर विभेद गरिरहेको बताए ।

# एक्सले ब्लक सुविधा चाँडै हटाउने

एक्स (ट्विटर)का मालिक एलन मस्कले चाँडै नै आफ्नो प्लेटफर्मबाट कसैलाई ब्लक गर्ने सुविधा हटाउने घोषणा गरेका छन् । मस्कका अनुसार यो सुविधाको कुनै अर्थ छैन । उनले डायरेक्ट म्यासेज ब्लक गर्ने सुविधा भने जारी रहने बताए । सामाजिक सञ्जालमा धेरैले यसपछि मानिसहरूलाई आफ्नो टाइमलाइनबाट अपमानजनक पोस्ट हटाउन गाह्रो हुने बताएका छन् । हाल, यदि प्रयोगकर्ताले एक्स प्लेटफर्ममा खाता ब्लक गर्छ भने तिनीहरूको पोस्टहरू टाइमलाइनमा देखापर्दैन । न त ब्लक भएका प्रयोगकर्ताले खाताको कुनै पनि पोस्ट हेर्न सक्छन् न त उनीहरूलाई प्रत्यक्ष सन्देश पठाउन सक्छन् ।
प्लेटफर्मबाट ब्लक गर्ने सुविधा हटाउनाले एप्पलको एप स्टोर र गुगल प्ले स्टोरका नियम र सर्तहरूको सम्भावित उल्लङ्घन हुन सक्छ । दुवै स्टोरका सर्तहरूले सोशल मिडिया एपहरूले आफ्ना प्रयोगकर्ताहरूलाई उत्पीडन वा धम्की दिने पोष्टहरू फिल्टर गर्ने क्षमता प्रदान गर्नुपर्छ भनेर बताउँछन् । यदि यस्तो भयो भने प्रयोगकर्ताहरूले स्टोरबाट एक्स डाउनलोड गर्न नसक्ने पनि हुनसक्छ ।

# इमरान खानलाई विष खुवाइन्छ कि भन्ने डर



**पीटीआई**
**इस्लामाबाद ।**
पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानकी पत्नी बुशरा बीबीले जेलमा रहेका पूर्वप्रधानमन्त्रीको ज्यानलाई खतरा रहेको र एटक जेलमा विष खुवाउन सक्ने दाबी गरेकी छन् ।
समाचार एजेन्सी पीटीआईका अनुसार बुशरा बीबीले शनिबार इमरान खानको सुरक्षाका लागि पञ्जाबका गृह सचिवलाई पत्र लेखेकी छिन् ।
पाकिस्तानी मिडिया जियो न्यूजको रिपोर्ट अनुसार इमरानकी श्रीमतीले पीटीआई प्रमुखलाई आफ्नो सामाजिक र राजनीतिक हैसियतलाई ध्यानमा राख्दै जेलमा 'बी' श्रेणीको सुविधा उपलब्ध गराउन आग्रह गरेकी छन् ।
आफ्नो चिठ्ठीमा बुशराले लेखेकी छिन्, 'उनको ज्यान अझै खतरामा छ र उनलाई एट्टक जेलमा विष खुवाइन्छ कि भन्ने डर छ ।' यस महिनाको सुरुमा बुशराले आफ्ना पति इमरान खानसँग आधा घण्टा भेट गरेकी थिइन । खानलाई सी क्लास कारागार सुविधा दिइएको बताएको छ ।

# रुसको क्षेप्यास्त्र आक्रमणमा पाँचजनाको मृत्यु

**सिन्ह्वा**
**चेर्निहिभ ।**
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोका शीर्ष सैन्य कमान्डरसँग भेटेको केही घण्टापछि शनिबार युक्रेनको उत्तरी सहर चेर्निहिभमा क्षेप्यास्त्र आक्रमण गरिएको छ । आक्रमणमा परी कम्तीमा पाँचजनाको मृत्यु हुनुका साथै दर्जनौँ मानिस घाइते भएका छन् । किएभबाट करिब १५० किलोमिटर उत्तरमा बेलारुसतर्फ रहेको चेर्निहिभ रुसको आक्रमणको पहिलो महिनादेखि नै यस्ता घटनाबाट धेरै हदसम्म जोगिएको थियो । पुटिनले दक्षिणी रुसको रोस्तोभ–अन–डोनको दुर्लभ भ्रमणका क्रममा रुसी सेनाका शीर्ष



जर्नेललाई भेटेपछि यो आक्रमण गरिएको हो । यो आक्रमण हुँदा युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की स्वीडेनको भ्रमणका लागि त्यसतर्फ लागिसकेका थिए । चेर्निहिभ आक्रमणबारे पुष्टि गर्दै युक्रेनका गृहमन्त्री इगोर क्लाइमेन्कोले टेलिग्राममा भनेका छन्, 'पाँचजनाको मृत्यु भएको छ । कम्तीमा ११ बालबालिकासहित ३७ जना घाइते भएका छन् ।' जेलेन्स्कीका अनुसार यो आक्रमण 'सहरको मध्यभागमा' एउटा चोकमा भएको थियो, जहाँ पोलिटेक्निक विश्वविद्यालय र एउटा नाट्यशाला छ ।
'एउटा सामान्य शनिबारलाई रुसले पीडा र क्षतिको दिनमा परिणत गरेको छ,' युक्रेनी नेताले स्वीडेन पुगेपछि भने ।
उनले घटनास्थलको एउटा भिडियो पोस्ट गरेका थिए । त्यसमा सोभियतकालीन एउटा ठूलो भवनको चारैतिर भग्नावशेष देखिएको छ । त्यसको वरिपरि रोकेर राखिएका कारहरूमा आंशिक रूपमा क्षति भएको छ ।
एएफपीका सञ्चारकर्मीले तारास शेभचेन्को नाट्यशाला संगीत एकेडेमीबाहिर दमकल देखेको बताएका छन् । आसपासका केही भवनमा पनि सामान्य क्षति पुगेको छ ।

# मेयर साहद्वारा निर्माणाधीन सार्वजनिक शौचालयको अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले शनिवार निर्माणाधिन सार्वजनिक सुलभ शौचालय र स्नान घरको अनुगमन गरेका छन् ।
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १ रेल्वे स्टेशनस्थित निर्माणाधिन शौचालय र स्नानघरको उनले अनुगमन गरेका हुन ।
उपमहानगरपालिकाले करिब ३० लाखको लागतमा निर्माण गर्न लागेको उतm आधुनिक शौचालयमा १४ वटा शौचालय र स्नानघर , २० वटा पेशाव घर निर्माण गरिने योजना रहेको जनाइएको छ । निर्माणका लागि रकम अपुग भए रकम थप गरिने अनुगमनको क्रममा मेयर साहले बताए । नगर प्रमुख साहले चाडै निर्माण कार्य सम्पन्न गरि शौचालय संचालनमा ल्याईने बताए ।
निर्माण सम्पन्न भई शौचालय सेवा शुरु भएपछि रेल्वेबाट जनकपुरधाम आउने पर्यटकहरुले सार्वजनिक शौचालयमा गएर स्नानको सुविधा समेत लिन सक्नेछ ।
नगरको सरसफाइ र स्वच्छ वातावरणका लागि सार्वजानिक शौचालय महत्वपूर्ण अङ्ग मानिन्छ । तर जनकपुरधामभित्र रहेका त्यस्ता शौचालय फोहर, अपर्याप्त पानी, कमजोर व्यवस्थापन, महिला, अपाङ्गता तथा तेस्रो लिङ्गी मैत्री अभाव, हात धुने ठाउँ नहुनु, रसाउने र चुहिने समस्या, हात धुने ठाउँको अभाव तथा सबैका दिसा गर्ने सुविधा नहुनु समस्या रहेको स्थानियहरुको भनाई छ । २५ वडा रहेको उपमहानगरका धेरै वडामा त्यस्ता शौचालय छैन ।

# सामुदायिक विद्यालयको मुहार फेर्न अभियान सञ्चालन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अधिकांश गरिब तथा दलित समुदायका बालबालिका सामुदायिक विद्यालयमा पढ्छन् । तर, उनीहरुलाई त्यहाँ बसेर पढ्ने वातावरण भने छैन । पढिरहेका बालबालिकाको शैक्षिक गुणस्तर निकै कमजोर छ । विद्यालयमा कक्षाकोठा, शैक्षिक सामग्री, खेलकुद सामाग्रीसंग उनीहरुको देखभेट छैन ।
त्यस्तै विभिन्न समस्याले ग्रस्त महोत्तरीको बर्दिबास नगरपालिका–९ पशुपतिनगरमा छ जनमुखी आधारभूत विद्यालय । जुन विद्यालयको हालत देखेर एउटा भिन्न अभियान चलाएका छन्, युवा पत्रकार तथा समाजिक अभियन्ता राजकरण महतोले । ‘विद्यालय सुधार अभियान’ नाम दिएर उनले समारोहको आयोजना गरी बालबालिकाको भविष्यलाई सुरक्षित पार्ने प्रयास गरेका हुन् । सामुदायिक विद्यालयलाई नमूना बनाउन वडाध्यक्ष घुरन महतोको उपस्थितिमा अभियानको घोषणा गरिएको हो ।
अभियानअन्तर्गत विद्यालयमा चौतारा, वालउद्यान, गार्डेन, भवन, भौतिक संरचनाको मर्मत सम्भार लगायतका काम गरिने पत्रकार महतोको भनाइ छ । ‘मुठ्ठी दान अभियान चलाएर विद्यालयको विकासका लागि सहयोग जुटाइने छ’, उनले भने, ‘विद्यालयलाई बालमैत्री, प्रकृतिमैत्री तथा गुणस्तर शिक्षामा जोड दिनु अभियानको मुख्य मर्म हो ।’ यसअघि महतोको योजना तथा जनसहयोगी युवा सञ्जाल बर्दिबासको सक्रियतामा राष्ट्रिय मावि पशुपतिनाथ बनरझुल्लामा ६० लाख लागतमा बालउद्यान निर्माणको काम थालिएको थियो । तीन वर्षअघि थालिएको सो विद्यालय सुधार अभियानले मुर्त आकार ग्रहण गरिसकेको छ ।
जनमुखी आधारभूत विद्यालयमा कक्षा ५ पास भएपछि ६ देखि १२ कक्षासम्म पढ्न राष्ट्रिय मावि बनरझुल्लामा आउँछन् । त्यसैले जनमुखी पनि रुपान्तरण हुन सके त्यसको प्रभाव मावि स्कूलमा पर्नेछ ।
घोषणाकै दिन जनमुखी अधारभूत विद्यालयमा चौतारा निर्माणका लागि शिलान्यास गरिएको छ । जहाँ हरित स्कूल निर्माणका लागि बिरुवा रोपिएका छन् । विद्यालय व्यवस्थापन समितिमा स्थानीय युवा राम एकवाल महतोको समूह आएपछि विद्यालय विकासका लागि निरन्तर विद्यालय रुपान्तरणका लागि काम भइरहेको शिक्षक संजितकुमार महतोले जनाए । विद्यालयमा १३० बालबालिका पढिरहेका छन् । पत्रकार महतोले चौतारा निर्माणका आफ्नो तलबबाट २२ हजार २ सय २२ रुपैयाँ सहयोग गरेका छन् । स्थानीय युवा मनोज महतोले विद्यालयलाई ५ वटा पंखा सहयोग गर्ने प्रतिबद्धता गरेका छन् । वडाध्यक्ष घुरन महतोले वडा कार्यालयको तर्फबाट ५ वटा पंखा, बालकक्षामा एलइडी जडान तुरुन्त गर्ने बताए । यसै आर्थिक वर्षमा विद्यालयमा चार कोठाको सुविधा सम्पन्न भवन निर्माण गरिने वडाध्यक्षको भनाइ छ । साथै उनले चाँडै कक्षा कोठाको छानो फेर्न ३ लाख बजेट विनियोजन गरिसकेको र चाडै काम सुरु हुने वडाध्यक्ष महतोले बताए ।
पहिलो दिनमै अभिभावक, विद्यालय व्यवस्थान समितिका सदस्य, शिक्षक, सञ्चारकर्मी लगायतका दर्जनौं दाताले झन्डै एक लाख बढीको सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।
विद्यालयका प्रधानाध्यापक धवेन्द्र महतोका अनुसार कक्षाकोठाको अभावमा पठनपाठन सञ्चालन गर्न समस्या भइरहेको बताए । अब त्यो दाताहरुबाट समाधान भएकोमा खुशी व्यक्त गरे । विद्यालयको विकासमा सबैको सहयोग जुटेको छ । अब विद्यालयले मुहार फेर्नेछ ।
सामुदायिक विद्यालय रुपान्तरणका लागि अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकारले बिशेषरुपमा जिम्मेवारीका साथ काम गर्नुपर्नेमा पत्रकार महतोको जोड छ । उनले भने, ‘विद्यालयमा विद्यार्थीलाई नियमित उपस्थित, हेरचाह तथा निगरानीका लागि टोलटोलमा आमा शिक्षा सहयोग समिति गठन गरेर काम गर्नुपर्ने आवश्यकता छ ।’ विद्यालय रुपान्त रणका लागि श्रोतसाधन, श्रम तथा विचारले सबैलाई सहयोग गर्न उनले आग्रह गरेका छन् ।

# आयोजनाको माटो खन्ने कार्य सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चालीस करोडको अनुमानित लागत रहेका धनुषाको जमुनी कटहा सिंचाई आयोजना नहरको माटो खन्ने कार्य सम्पन्न भएको छ ।
प्राविधिक समस्या रहेपनि परियोजनालाई सफल बनाउन किसानहरुले एकजुट भएर सहयोग गरेको जमुनी कटहा सिचाई आयोजना उपभोक्ता समितिका अध्यक्ष प्रवेस चौधरीले जानकारि दिएका छन् । नेपाली कांग्रेस धनुषाका नेता समेत रहेका चौधरीले तत्कालीन जलस्रोत मन्त्री महेन्द्र नारायण निधिको चाहना अनुसार शुरु गरिएको योजनाको शुरूवाती पहल डा. लक्ष्मीनारायण झाले गरेको बताए । समितिका अध्यक्ष चौधरीले ५ हजार विग्हा जमीन सिंचित हुने योजना को अनुमानित लागत ४० करोड रहेको जानकारी गराए । योजनाको बोलपत्र स्वीकृत २७ करोड भएको बताए ।
उनले भने ९ किलोमिटर मुल नहरको विकास सम्पन्न भई पहिलो र दोस्रो प्याकेज अनुसार काम भएकोले नहरको सफाई, वेरियर तथा कलर्भट निर्माण हुनुपर्नेमा जोड दिए । सम्पूर्ण मध्य तथा दक्षिणी मधेशको लागि एक मात्र सिंचाई साधनको रूपमा रहेका जमूनी कटहा नहर परियोजनालाई नेपाल सरकार तथा प्रदेश सरकारले विशेष ध्यानु दिनुपर्ने लोहनाका समाजसेवी विनोद ठाकुरले वताए । जनकपुरधाम उपमहानगरपालिका वडा नं २५ लोहनाका वडाअध्यक्ष चन्देश्वर साहले प्राविधिक रूपमा सफल होस भन्ने शुभकामना तथा बधाई दिदैं समस्या रहित नहर वनाउन आग्रह गरे । त्यस्तै औरही गाउँपालिका वडा नं २ का सभापतिले नहरको सफाई नहुंदा पानी फोहोरको साथै ड्याम्पमा एकत्रित नहुंदा बहाव भएकोले ह्युम पाइप तथा साईपनको उचित व्वस्था हुनुपर्ने मांग गरे ।

# मिथिलामा मधुश्रावणी पर्व



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका जिल्लामा नव विवाहिता कन्याले मनाउने मधुश्रावणी पर्व शनिबार सम्पन्न भएको छ ।
पर्व साउन कृष्णपक्ष पञ्चमी तिथिदेखि शुरु भएर यस पटक मलिमास परेका कारणले डेढ महिना चलेर आज सम्पन्न भएको छ । प्रत्येक २४ वर्षमा मलिमास पर्ने र यतिका दिनसम्म मधुश्रावणीको विधि गर्नुपर्ने प्रावधान रहने गरेको जनकपुरधामको वडा नंं ८ का पण्डित मदन झाले जानकारी दिनुभयो । अरू वर्ष साउन कृष्णपक्ष पञ्चमी तिथिदेखि साउन शुक्लपक्ष तृतीयासम्म १५ दिन चल्ने भए पनि यस पटक मलिमास भएकाले शनिबारसम्म चलेका हो ।
मधुश्रावणी पर्वको पूजाका लागि आवश्यक पर्ने सामाग्री, लगाउने लुगा, सिन्दूर, पोते, गरगहना तथा डेढ महिनासम्म खाने खाद्यान्न सामाग्री तथा पूजाका लागि आवश्यक पर्ने अन्य सामाग्री ससुराली अर्थात् बेहुलाको घरबाट आउने त्यसबाट नै नव विवाहिता कन्याले खाने तथा पूजा गर्ने परम्परा रहेको छ ।
मधुश्रावणीमा नव विवाहित कन्याहरू समूहमा भेला भएर विभिन्न प्रकारको परम्परागत गीतसहित घर नजिकको सार्वजनिक उद्यान, बारी तथा धार्मिक स्थलमा भएको मठ मन्दिरमा रहेको फूलबारीबाट साँझ फूल टिपेर राति राख्ने र भोलिपल्ट बिहान सोही बासी फूलबाट शिव, पार्वती तथा नाग देवताको पूजा गर्ने चलन रहेको छ ।
फूल टिप्ने कार्यलाई मिथिलामा “फूललोढी” भन्ने गर्दछन् । समूहमा नव विवाहित कन्याहरू नयाँ नयाँ रङ्गीचङ्गी लुगाहरू लगाएर हसिठट्टा गर्दै फूल टिप्ने गरेका कारणले मिथिलाञ्चल क्षेत्रको वातावरण नै यस वर्ष डेढ महिनासम्म नै रोमाञ्चित बनेको थियो । मधुश्रावणीको अन्तिम दिन श्रीमान् श्रीमतीसँगै बसेर विशेष पूजा गर्नुका साथै कथाइनबाट कथा सुन्ने चलन रहेको छ । कथालाई नवविवाहिता कन्या, बेहुलासहित घरका सदस्य, छरछिमेक तथा इष्टमित्रहरू बसेर सुन्ने गरेका छन् ।

# आरोप कपोकल्पित र निराधारः वडाध्यक्ष यादव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिला विहारी नगरपालिकाका वार्ड नं ६ का अध्यक्ष विमलेश कुमार यादवले आफुमाथि लागेको आरोप कपोकल्पीत र निराधार रहेको बताएका छन् ।
शनिबार सिर्सिया स्थित वार्ड कार्यालयमै पत्रकार सम्मेलनको आयोजना गरि कसैले प्रमाण विनै आफुमाथि अख्तियारमा उजुरी दिएको बताए । अध्यक्ष यादबमाथि राजश्वको नाममा वडावासीसंग विना विलको दुई सय रुपैया लिईरहेको आरोपमा छानवीनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिथिला विहारी नगरपालिकालाई पत्र काटेको छ । नगरपालिकाले पनि अख्तियारले पठाएको पत्रका विषयमा प्रमाण सहित आफै उपस्थित हुन वडाध्यक्ष यादवलाई पत्रमाफर्त ताकेता गरेपछि वडाध्यक्ष यादवले शनिबार वडामा सर्वदलिय बैठक डाकेर आफनो इमान्दारिताको विषयमा चर्चा चलाएका थिए । सर्वदलिय वैठकपछि पत्रकार सम्मेलन गर्दै अध्यक्ष यादवले आफुले इमान्दारिता साथ गर्दै आएको कार्यमा अडचन दिन केहि कथित विपक्षीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गई उजुरी दिएको बताए । उनले आफु चुनाव जितेपछि वडावासीसंग राजश्व निशुल्क गर्ने भनेको र सोहि अनुरुप पाँचरुपैया मात्र लिदै आएको बताउदै दुईसय रुपैया असुलेको विषयमा प्रमाण सहित कोहि उपस्थित भए आफु राजीनामा दिन तयार रहेको बताए । आफनो डेढ वर्षको कार्यकालमा प्राप्त भएको वजेटबाट वडामा विकासको क्रान्तिनै ल्याएको उनले दावी गर्दै यस विषयमा गाँउमा गएर कसैसंग आफनो कामको बारेमा सोधपुछ गर्न आग्रह गरे ।

# मन्त्री साह तेली कल्याण समाजद्वारा सम्मानित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय मामिला तथा समान्य प्रशासन मन्त्री अनिता देवी साहलाई तेली कल्याण समाजले सम्मान गरेको छ । समाजका अध्यक्ष विश्वनाथ साहको अगुवाईमा पुगेको समाजका टोलीले शनिबार काठमाडौंस्थित उनकै कार्यकक्षमा पुगेर मन्त्री साहलाई सम्मान गरेको हो । समाजका केन्द्रिय अध्यक्ष विश्वनाथ साहले फुलमाला तथा गमछा ओढाएर मन्त्री साहलाई सम्मान गरेका थिए । सम्मान कार्यक्रममा समाजका महासचिव सत्यनारायण साह,उपाध्यक्ष नीलम साह,बारा जिल्ला अध्यक्ष छोटेलाल साह,डा सुरेश साह लगायतको उपस्थिती रहेको थियो ।
नेपालकै इतिहासमा तेली समाजबाट पहिलो महिला मन्त्रीको रुपमा अनिता देवी साह रहेको अध्यक्ष साहले बताए । उनले जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउतप्रति आभार व्यक्त गर्दै तेली समाजको मान बढाउने काम गरेकोमा धन्यवाद समेत दिएका थिए ।

# ‘सामन्तवाद र पुँजीवादको अन्त्य आवश्यक’




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रिय सदस्य शीतल कर्णले अहिलेपनि निरन्तर क्रान्तिकारीको आवश्यकता रहेको बताएका छन् ।
शनिबार धनुषाको नगराइनमा आयोजित २९ औँ शहिद रामवृक्ष यादवको स्मृति दिवसको अवसरमा बोल्दै केन्द्रिय सदस्य कर्णले शहिदले देखाएको बाटो र देखेको सपना पुरा गर्न अहिलेपनि क्रान्ति र आन्दोलनको आवश्यकता रहेको बताए । उनले शहिदको मृत्यू कहिल्यै नहुने भन्दै बरु शहिद सदाका लागि अमर हुने बताए ।
उनले सामन्तवाद र पुजिवादको अन्त्य नहुञ्जेलसम्म समाजवादको यात्रा तय नहुने बताए ।
उनले सामन्तवाद र पुजिवादको अन्त्यपछि मात्रै किसान, मजदुर र आमजनताको गणतन्त्र आउने बताए ।
त्यस्तै क्रान्तिकारी नेता नन्दकुमार झाले वर्तमान सरकारले जनताका लागि भन्दा पनि आफ्नो सरकार टिकाउनका लागि विभिन्न खाले जालझेल गरिरहेको बताए ।
यस कार्यक्रममा विन्देश्वर माझी, अखिल क्रान्तिकारीकी नेतृलगायतका वक्ताहरुले समेत शहिद रामवृक्ष यादवको योगदानबारे चर्चा परिचर्चा गरेका थिए ।

# प्रसाइँको अभिव्यक्तिप्रति वीरगंज महानगरको विरोध


वीरगंज महानगरपालिका
Birgunj Metropolitan City
Office of the Municipality Executive
राजेश मान सिंह
प्रमुख




**मधेशदृष्टि**
**वीरगंज**
मारवाडी समुदायलाई लक्षित गर्दै मेडिकल व्यवसायी दुर्गा प्रसाइँले दिएको अभिव्यक्ति प्रति वीरगंज महानगरपालिकाले खेद प्रकट गरेको छ ।
वीरगञ्जका मेयर राजेशमान सिंहले शनिवार एक ध्यानाकर्षण पत्र सार्वजनिक गर्दै मारवाडी समुदायलाई लक्षित गरी प्रसाइँले पछिल्लो समय विभिन्न मञ्च र सञ्जाल मार्फत दिएको अभिव्यक्तिलाई गैरजिम्मेवारीपूर्ण र निन्दनीय बताउँदै खेद प्रकट गरेका हुन् ।
उनले सामाजिक सद्भाव, मेलमिलाप र भाइचारा कायम राख्न पनि अनुरोध गरेका छन् ।
'सम्पूर्ण मारवाडी समुदायलाई नै लक्षित गरी मेडिकल व्यवसायी दुर्गा प्रसाईंको "मारवाडी समुदायले नेपालको अर्थतन्त्र तहस नहस तुल्याएको" भन्ने जस्ता गैरजिम्मेवारपूर्ण सार्वजनिक अभिव्यक्ति प्रति खेद व्यक्त गर्दछु,' मेयर सिंहद्वारा जारी ध्यानाकर्षण पत्रमा लेखिएको छ, 'कसैको व्यक्तिगत विषयलाई लिएर सम्पूर्ण समुदायलाई नै आघात पुग्ने गरी अभिव्यक्ति दिनु निन्दनीय छ । तसर्थ सामाजिक सद्भाव, मेलमिलाप र भाइचारा कायम राख्न सम्बन्धित सबैमा अनुरोध छ ।'
मेयर सिंहले नेपालको अर्थतन्त्र चलायमान बनाउनेदेखि विभिन्न सामाजिक क्षेत्रमा समेत मारवाडी समुदायको उत्साहजनक सहभागिता रहेको बताएका छन् । 'औद्योगिकीकरण र व्यवसायीक लगानी मार्फत मुलुकमा रोजगारी सृजना गरी अर्थतन्त्र चलायमान बनाउन मारवाडी समुदायको ठूलो योगदान रहेको कुरा सवैमा सर्वविदितै छ । त्यसका अलावा सामाजिक उत्तरदायित्व अन्तर्गत पर्ने अन्य क्षेत्रहरूमा पनि मारवाडी समुदायको उत्साहजनक सहभागिता रहँदै आएको छ ।'
प्रसाइँ नेतृत्वको समूहले पछिल्लो समय विभिन्न सञ्चारमाध्यममा र सामाजिक सञ्जालमार्फत मारवाडी समुदायको चरित्र हत्या गर्ने किसिमको अभिव्यक्ति दिँदै आएको छ ।
उनको समूहले बैङ्क वित्तीय संस्थाको ऋण नतिर्न आह्वान गर्नुका साथै मारवाडी समुदायविरुद्ध अभिव्यक्ति दिएको भन्दै नेपाल राष्ट्रिय मारवाडी परिषद्ले प्रहरीमा उजुरी समेत दिएको छ ।
त्यस्तै उद्योगी तथा व्यावसायीहरूको छाता सङ्गठन वीरगञ्ज उद्योग वाणिज्य सङ्घले पनि शुक्रवार विज्ञप्ति जारी गर्दै मारवाडी समुदायमाथि लक्षित दुर्गा प्रसाइँको अभिव्यक्ति प्रति आपत्ति जनाउँदै उनलाई कारबाही गर्न माग गरेको थियो ।

# अब वीरगंजबाटै आयल निगमको बिलीङ्ग




**मधेशदृष्टि**
**वीरगंज**
उद्योग बाणिज्य तथा आपुर्ती मन्त्री रमेश रिजालले वीरगंजबाटै नेपाल आयल निगमको बिलीङ्ग शुभारम्भ गरेका छन् । शनिबार एक कार्यक्रमबीच उक्त कार्यक्रमको उद्घाटन गर्दै मन्त्री रिजालले जनतालाई केन्द्र विन्दु बनाएर राज्यले प्रदान गर्ने सेवा सुबिधालाई सरलीकृत गर्दै सहज र व्यवस्थित गर्दैजानु पर्ने बताए ।
वीरगंजबाटै आयल निगमले बिलीङ्ग सुरु गरेपछि यस आसपासका पेट्रोलियम डिलरहरु अब अमलेखगञ्ज गएर ईन्धन ल्याउनुपर्ने बाध्यताको अन्त्य भएको छ । शनिबारदेखि नै नेपाल आयल निगमले शाखा कार्यलय वीरगंजबाट पेट्रोलियम पदार्थको बिक्री वितरण कार्य सञ्चालनमा ल्याएको छ । कार्यक्रममा नेपाली कांग्रेस पर्साका सभापति समेत रहेका मधेश प्रदेशसभा सदस्य जनार्दन सिंह क्षेत्रीले नेपाल आयल निगमद्वारा अब वीरगंज शाखाबाट विलिङ्ग गर्ने कार्य सराहनीय रहेको बताउँदै वीरगंजका स्थानीय व्यवसायीलाई कारोबार गर्न सहज बताएको उल्लेख गरे । कार्यक्रममा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, पर्साका प्रमुख जिल्ला अधिकारी हिरा लाल रेग्मी, नेपाल आयल निगमका कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

# नक्कली शैक्षिक प्रमाणपत्र लिएको आरोपमा सात पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
एमबिबिएस कोर्स अध्ययन गर्न जाने प्रयोजनका लागि शैक्षिक प्रमाणपत्र नक्कली बनाएको आरोपमा नेपाल प्रहरीले सात जनालाई नियन्त्रणमा लिएको छ ।
प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) ले नक्कली शैक्षिक प्रमाणपत्रविरुद्ध सञ्चालन गरेको ''अपरेसन चार्ली फक्सट्रोट' मा एमबिबिएस अध्ययन गर्न जाने प्रयोजनका लागि आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाएकाले सात जनालाई पक्राउ गरी शुक्रवार राति सार्वजनिक गरेको हो ।
पक्राउ पर्नेमा अनु फार्मेसी विराटनगरमा कार्यरत मोरङका ३४ वर्षीय मनित चौधरी, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा कार्यरत बाराका ३४ वर्षीय अमित चौधरी, एमडी अध्ययनको तयारी गरेकी काठमाडौँकी २९ वर्षीय एरिना शाह, इसान बाल अस्पताल वसुन्धरामा कार्यरत ललितपुरकी ३३ वर्षीय श्रद्धा शिल्पकार, काठमाडौँका २८ वर्षीय पुनम थापा, बागमती अस्पताल रौतहटमा कार्यरत सिराहाका ३२ वर्षीय रामबाबु यादव र चितवन मेडिकल कलेजमा अध्ययनरत सप्तरीका २८ वर्षीय नसिम अख्तर रहेका छन् ।
सीआइबीका प्रवक्ता एवम् प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले शैक्षिक योग्यतामा अङ्क वास्तविकभन्दा थपघट गरी काम गरिरहेको र पढिरहेकाले पक्राउ गरिएको जानकारी दिए ।
प्रहरीले राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरलाई पत्राचार गरी यकिन गरी नक्कली भएको आधारमा पक्राउ गरी अनुसन्धान गरेको हो । पक्राउ परेका सातै जनालाई काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता थापाले बताए ।

# वीरगंजमा लेखा प्रशिक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कलेजले शनिबारदेखि सात दिने व्यावसायिक लेखा सम्बन्धी प्रशिक्षण सुरु गरेको छ । भिस्वा होटेलमा आयोजित तालिमको उद्घाटन नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले गरे ।
तालिम उद्घाटन समारोहमा बोल्दै प्रमुख अतिथि टेमानीले वीरगंज औद्योगिक र आर्थिक सहर भएर पनि व्यावसायिक दक्षतामा कमजोर रहेकोले कलेजले पहिलो पटक सुरु गरेको व्यावसायिक लेखा तालिमको प्रशंसा गरे ।
उनले तालिममा सहभागी विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान र सीपबाट नै व्यावसायिक दक्षता हासिल गर्ने भएकोले एकाग्र मनले तालिममा पूर्ण रुपले सहभागी हुन सुझाव दिए । बजारमा सबैभन्दा धेरै माग लेखाको नै हुने र रोजगारीका लागि पनि सहज क्षेत्र लेखा नै भएकोले यसको महत्त्व बुझेर कलेजले सुरु गरेको तालिम उपयोगी हुने विश्वास व्यक्त गरे ।
कार्यक्रममा बोल्ने अन्य वक्ताहरूले तालिमले व्यावसायिक दक्षताको विकास हुने विश्वास व्यक्त गरे ।
तालिमले आर्थिक तथा औद्योगिक नगरीमा रहेका उद्योग प्रतिष्ठानलाई आवश्यक जनशक्ति उत्पादन गर्न व्यावहारिक सीपको तालिम उपयोगी हुने वक्ताहरूले बताएका छन् ।
वीरगञ्ज कलेजको सञ्चालक समितिका अध्यक्ष डा. दीपेन्द्र कुमार चौधरीको सभापतित्वमा भएको कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्ष माधव राजपाल, सहसचिव नीरज अग्रवाल, एनएमबी बैङ्कका शाखा प्रबन्धक सौरभ सर्राफ, पत्रकार महासङ्घ केन्द्रीय सदस्य केसी लामिछाने, मधेस प्रदेश महासचिव श्याम बञ्जारा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।कार्यक्रममा कलेज प्रशासन प्रमुख सुरेश चौधरीले स्वागत गरेका थिए भने सहजीकरण कलेजका शिक्षक कृष्णा पासवानले गरेको कलेज प्रमुख विनोद गुप्ताले जानकारी दिए ।

# जितपुरसिमरा अस्पतालको मेसुमा डा. साह

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जितपुरसिमरा अस्पतालको मेसुमा डा. प्रकाश साह नियुक्त भएका छन् ।
जीतपुरसिमरा उपमहानगरपालिकाको नगरप्रमुख राजन पौडेलले अस्पतालको मेसु पदमा डा. साहलाई पदबहाली गराएका हुन् ।
नवनियुक्त मेसु साह छाती, पेट, मधुमेह, थाईराईड रोग बिशेषज्ञ हुन् । एम.डि.जि.पिको अध्ययन गरेका डा. साहले पाटन हस्पिटल काठमाडौँबाट पढेका हुन् ।
जीतपुरसिमरा उपमहानगरपालिकाका बिरामीहरु सामान्य उपचारको लागि पनि वीरगंज, नारायणघाट, काठमाडौँ जानुपर्ने बाध्यता रहेको उनले बताए । यसलाई धेरै हदसम्म निराकरणका लागि तत्कालै गर्न सक्ने योजनाहरु मेसु साहले अघि सारे ।
पहिलो चरणमा ओ.पि.टी र ईमरजेन्सी ब्यवस्थापन गर्ने, दोस्रो चरणमा उपचारका लागि बाहिर जाने अवस्थाको अन्त्य हुने किसिमले गर्भवती महिलाको उपचार र बच्चालाई कृटिकल अवस्थामा पनि राख्न सक्ने उपकरण सहितको ब्यवस्थापन गरिने उनको भनाइ छ ।
कार्यक्रममा वडा नं.२ का वडाध्यक्ष धन बहादुर श्रेष्ठ, जीतपुरसिमरा अस्पताल ब्यवस्थापन समितिका अध्यक्ष नारायण पण्डित, श्री नेरामावि सिमराका प्रधानध्यापक शंकर अचार्य, नेकपा एमालेका रबिन्द्र खकुरेल लगायतको सहभागिता रहेको थियो ।

# प्रसौनीमा योग भवन



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रसौनी गाउँपालिकाको वडा न.३ मा पतन्जली योग समितिद्वारा आयोजित पतन्जली योग भवनको एक कार्यक्रमकाबीच मधेश प्रदेशका पूर्व मन्त्री एवं प्रदेश सांसद जितेन्द्र सोनलले उद्घघाटन गरेका छन् ।
कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्य, अधिवक्ता रामचन्द्र सिंह, प्रसौनी गाउँपालिका प्रमुख बिनोद पटेल, पुर्व प्रमुख भोला गुप्ता पतन्जली योग समितिका पदाधिकारी सदस्यहरुको सहभागिता रहेको थियो ।
पतन्जली योग भवन निर्माणका लागि प्रदेश सभा सदस्य सोनलले आफनो संसदीय विकास कोषबाट ३० लाख रकम विनियोजन गरेका थिए ।
कार्यक्रममा मन्तव्य व्यक्त गर्दै सोनलले बैदिक दर्शनको आधारमा योग सन्चालन गरी सभ्य, शु–सन्सकृत समाजको निर्माण गर्नु आजको आवश्यकता रहेको कुरामा जोड दिए । योगले मानवलाई मानसिक र शारीरिक रुपमा स्वस्थ्य राख्नुको साथै सकारात्मक चिन्तनको बिकास गर्ने भएकोले प्राथमिकतामा राख्नुपर्ने उनको भनाई थियो ।

# महाअभियानद्वारा उधोग वाणिज्यदेखि लिएर पत्रकारलाई चेतावनी


राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल
केन्द्रीय कार्यालय
प्रेस विज्ञप्ति
नेपाली हामी रहौंला कहां नेपाली नरहे !

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालले वीरगंज उद्योग बाणिज्य संघले जारी गरेको विज्ञप्तीप्रति आपती जनाएको छ ।
महाअभियानले शनिबार एक विज्ञप्ती जारी गर्दै वीरगंज उद्योग बाणिज्य संघको नाममा अनिल कुमार अग्रबालद्वारा हस्ताक्षरित विज्ञप्ती प्रति आपती जनाउदै विज्ञप्तीप्रति खेद प्रकट समेत गरेको हो । जारी विज्ञप्तीमा मारवाडी समुदायप्रति दोष लगाउने काम नगरेको उल्लेख गर्दै केहि मारवाडीहरुले वर्मामा पनि नेपालमा जस्तै तस्करी गरि आर्थीक रुपमा तहननहस बनाएको कारणले ४५ वर्ष अगाडी वर्माबाट बर्मा सरकारले लखेटेर नेपाल छिरेका १६ परिवार मारवाडीहरु जसले नेपालमा आएर नागरिकता किनेर नेपाली बन्न खोजेर व्यापारको नाममा सुन तस्करी,सुपारी,रक्त चन्दन,पेस्ता दाना,भारतीय नक्कली मुद्रा,सर्पका छाल,गाई तस्करी जस्ता चिज अवैध रुपमा आयात गरी नेपाललाई तस्करीको अडडा बनाएको उल्लेख गरिएको छ ।
नेपालमा लघुवित,विमा,पुनर्वीमा,धितोपत्र खरिद विक्री कम्पनी आदि संचालन गरी नेपाली नागरिकहरुबाट चर्को व्याज असुलेर नेपाली नागरिकहरुलाई घरबार विहिन सुकुम्वासी बनाउने,आर्थिक र मानसिक यातना दिएर आत्महत्या गर्न बाध्य बनाउने लगायतका निकृष्ट तथा देशद्रोही मारवाडीहरुलाई खवरदारी गर्दा नेपालमै तीनसय वर्षदेखि बसोबास गर्दै आएका आम मारवाडी समुदायको मनोविज्ञानमा नकारात्मक असर पुग्ने खालका विचार र अभिव्यक्ति राखेर प्रेस विज्ञप्ती निकाल्नुको मनसाय केहो भनेर विज्ञप्तीमा प्रश्न पनि तेर्साएको छ । जारी विज्ञप्तीमा उल्लेख गरिए अनुसार हामीले राष्ट्रको लागि पटक पटक प्रष्ट रुपमा भन्दै आएको विषय र प्रसंगलाई तोडमोड गरी केहि मारवाडीका तलुवा छाटने र पैसामा विक्रे विकासे भडुवा पत्रकारहरुलाई पनि खवरदार गर्न चाहन्छौ भनेर पत्रकारको विषयमा निकृष्ट श्वद पनि उल्लेख गरिएको छ । विज्ञप्तीमा पत्रकारहरुलाई चेतावनी दिदै लेखिएको छ,पुर्खाहरुले पानी समेत नखाई देश जोगाउन विदेशीसंग लडेको कुरा हेक्का रहोस र घरमा गएर एक मुठी माटो लिएर आमालाई,आमा मैले पैसा र विज्ञापनको लागि तस्करहरुलाई चोख्याउदै राम्रो समाचार लेख्दैछु भनेर सोध्न पनि ति पत्रकारहरुलाई चुनौती दिन चाहन्छु । विज्ञप्तीमा हाम्रो खवरदारी निरन्तर रहनेछ,खवरदार भनेर चेतावनी समेत दिएको छ ।

# गुरु दक्षिणा समर्पण कार्यक्रम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दु स्वयंसेवक संघ नेपालले गुरु दक्षिणा समर्पण कार्यक्रम गरेको छ । जनकपुरधामको मारबाडी सेवा समितिमा शनिबार गरिएको कार्यक्रममा ध्वज पुजा गरिएको थियो ।
कार्यक्रममा राष्ट्रिय स्वयमसेवक संघ सीतामढिका प्रचारक मृत्युंजय कुमारले हिन्दु संगठीत भई अगाडी बढे हिन्दु धर्म प्रति बढदो हमला क्रम रोकिने बताए ।
उनले नेपालमा भइरहेको धर्मान्तरण प्रति चिन्ता व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल हिन्दु स्वयमसेवकको प्रचार प्मुख प्रदिप शर्मा,हिन्दु स्वयमसेवक संघ नेपाल जनकपुरधामका प्रमुख पवन ठाकुर,धनुषा जिल्ला कार्यवाहक विमल कुमार,उद्योगपति तथा समाजसेवी ओम सराफ,विश्व हिन्दु परिषदका धनुषा जिल्ला अध्यक्ष सन्तोष कुमार साह,जनजाती कल्याण छात्रावास जनकपुरधामका अध्यक्ष कृष्ण कुमार दिक्षीत,प्रभु दयाल जलान,रामचन्द्र पजियार लगायतको उपस्थिती रहेको थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन